# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (२) फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, पौष २७ गते, २०७५ साल, संख्या ६

## भाग —२

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

<u>सुर्योदय नगरपालिकाको उद्यम विकास कोष परिचालन कार्यविधि २०७५</u>

## प्रस्तावना

सूर्योदय नगरपालिका नगर कार्यपालिकाले प्रथम नगर सभा २०७४ ले उद्यम गर्न चाहने तर पूँजीको अभावमा उद्यम सञ्चालन गर्न नसकेका यूवाहरुलाई लक्षित गरी "नगरपालिकाले एक कोष खडा गरी यूवाहरुमा उद्यमशीलता सिर्जनशिलता तथा सीपको विकास गर्दै स्वरोजगारको सृजना तथा समग्र उत्पादनको माध्यमबाट समृद्ध सूर्योदयको निर्माण गर्न *"हामी उद्यम आफ्नै पौरखमा गर्दछौँ"* कार्यक्रम कार्यविधि बनाई कार्यान्वयन गर्ने नीति रहनेछ" भन्ने नीति तथा कार्यक्रम नगरसभाबाट पारित भई उद्यम विकास कोषमा बजेट समेत विनियोजन भएको अवस्थामा यसको व्यवस्थापन र कोष परिचालन गर्न बान्छनिय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम सूर्योदय नगरपालिका नगर कार्यपालिकाले पारित गरेको नीति तथा कार्यक्रम, ऐन नियमावलीको परिधिमा रही सूर्योदय नगर कार्यपालिकाले **उद्यम विकास कोष सञ्चालन कार्यविधि, २०७५** बनाएको छ । नेपालको संघिय तथा प्रादेशिक सरकारको यूवा उद्यम कार्यक्रम कार्यविधि गरिवी निवारणको लागि उद्यम विकास कार्यक्रम तथा अन्य उद्यमशीलता सम्बन्धि कुनै पनि कार्यक्रमलाई यो विधिले बाधा गर्ने छैन ।

**भाग १**

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको उद्यम विकास कोष सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) “उद्यमी” भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई जनाउँछ ।

(ङ) “उद्यमशीलता विकास तालिम” भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान सिप प्रप्त गर्ने हेतुले लिएको कुनै पनि प्रमाणपत्र सहितको तालिमलाई बुझाउनेछ ।

(च) “कार्यक्रम” भन्नाले उद्यम विकास कोषमार्फत “हामी उद्यम आफ्नै पौरखमा गर्दछौँ” भन्ने नाराका साथ उद्यमी तथा रोजगारी सिर्जना तथा उद्यमहरुको स्तरोन्नति गर्न सञ्चालन गरिने विभिन्न कार्यक्रमलाई जनाउँछ।

(छ) “समिति” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने विभिन्न समितिलाई जनाउँदछ ।

(ज) “बजारीकरण” भन्नाले उद्यमबाट हुने उत्पादन, मुल्यनिर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाइ जनाउँछ ।

(झ) “विकास साझेदार” भन्नाले कार्यक्रम सञ्चालनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने दातृ निकायहरूलाई सम्झनुपर्छ ।

(ञ) “कार्यविधि” भन्नाले सूर्योदय नगरपालिकाको उद्यम विकास कोष सञ्चालन कार्यविधि २०७५ लाई जनाउँछ ।

(ट) “रणनीतिक योजना” भन्नाले सूर्योदय नगरपालिकाले उद्यम विकास तथा रोजगारी सिर्जनाको लागि तयार पारेको ५ वर्षे रणनीतिक योजनालाई जनाउँछ ।

(ठ) “उद्यम” भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ ले परिभाषित गरेअनुरुपका उद्यम सम्झनुपर्छ ।

(ड) “स्तरोन्नति” भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिङ्ग, पुँजी, मुनाफा, रोजगार जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तनलाई जनाउँछ ।

(ढ) “व्यवसाय विकास सेवा प्रदायक संस्था” भन्नाले उद्यम विकास कोष मार्फत सञ्चालन गरिने उद्यमीहरूको सिर्जना, प्रवर्द्धन, विकास तथा विस्तारका लागि व्यावसायिक सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम

दर्ता भई सञ्चालनमा रहेका दक्ष जनशक्तियुक्त संस्था, कम्पनी वा फर्मलाई बुझाउँछ ।

(ण) "सिप विकास तालिम" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सीपमुलक तालिमलाई जनाउँछ ।

(त) "एडभान्स तालिम" भन्नाले एक पटक सिप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाइ सोही विषयमा दिइने उच्च स्तरको तालिमलाई जनाउँछ । यस शब्दले आधारभुत सीप प्राप्त उद्यमीलाइ दिइने थप तालिमलाई समेत जनाउछ ।

(थ) "उद्यम विकास कोष" भन्नाले उद्यम प्रवर्द्धन, विकास, विस्तार तथा रोजगारी सिर्जनाका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न सूर्योदय नगरपालिकाले यसै कार्यविधि बमोजिम स्थापना गरिएको कोषलाई बुझाउँछ ।

(द) "साझेदार सँस्था" भन्नाले कायक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई जनाउँछ ।

(ध) "उद्यम विकास समिति" भन्नाले सूर्योदय नगरपालिकामा गठन हुने नगर उद्यम विकास समितिलाई सम्झनुपर्छ ।

(न) "उद्योग विकास शाखा" भन्नाले सूर्योदय नगरपालिकामा स्थापना हुने उद्योग विकास शाखालाई सम्झनुपर्छ । यो शब्दले नगरपालिकाले उद्योग हेर्ने भनी तोकिएको शाखा, उपशाखा वा इकाईलाई समेत जनाउँछ ।

(प) "आर्थिक विकास समिति" भन्नाले नगरपालिकाले आर्थिक विकास सम्बन्धि सम्पूर्ण गतिविधि सञ्चालन गर्न निर्माण गरेको आधिकारिक समितिलाई जनाउँदछ ।

(फ) "लक्षित समूह" भन्नाले सूर्योदय नगरपालिकाले नेपाल सरकारले तोकेको गरिवी रेखामूनी रहेका मापदण्डहरु तथा न.पा. आफैले विभिन्न मापदण्ड तोकेर निर्माण गरेको समूहलाई जनाउँनेछ ।

(ब) "समूह" भन्नाले उद्यम संचालन गर्नका लागि निर्माण भएको यूवाहरुको समूहलाई बुझाउनेछ ।

## भाग २
## लक्षित समूह

**३. गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरू प्राथमिकतामा राखेर लक्षित समूह हुने:**

(१) गरिबीको रेखामुनि रहेका नगरबासी बेरोजगार युवा, महिला, दलित, आदिवासी र अन्य जाति नागरिकका परिवारका सदस्यहरू यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) अति विपन्न वर्ग, पिछडिएका (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरू, अपाङ्गता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक, दुर्गम तथा सेवाको पहुँच कम भएका नगरपालिकाका बस्तीहरूमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

(३) समाजिक उद्यमशिलता सृजना गर्न सक्ने रोजगारी सृजना गर्न सक्ने तथा आय आर्जन र आम्दानी वृद्धि हुन सक्ने ब्यवसाय तथा उद्यम संचालन गर्न सक्ने नगरपालिका भित्रको वडाहरुले सिफारिस गरेको यूवाहरुको समूह पर्दछ

## भाग ३
## उद्यम विकास कोष स्थापना र सञ्चालन

**४. नगरपालिकामा एक उद्यम विकास कोषको स्थापना हुने :**

(१) सूर्योदय नगरपालिकाले प्रत्येक नगर सभाबाट वार्षिक वजेट पास गर्दा उद्यम विकास कोषको लागि वजेट विनियोजन गर्नेछ साथै नेपाल सरकारबाट सशर्त अनुदान, प्रदेश सरकारले स्थानीय तहगत रुपमा मेडपाका बजेट रकम समेत प्राप्त गर्नेछ । यसरी विनियोजित भएको गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रमको बजेट अख्तियारी वमोजिमको रकम प्रदेश सरकार मातहतको वजेट समेत यही नगरपालिको उद्यम विकास कोषामा प्राप्त हुन सक्ने अवस्थामा यस कोषमा प्राप्त हुनेछ र प्राप्त भएको रकम उद्यम विकास कोषमा जम्मा गरिने छ ।

(२) उद्यम विकास कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ :

(क) सूर्योदय नगरपालिकाले प्रत्येक वर्ष विनियोजन गर्ने रकम,

(ख) संघीय सरकार र प्रदेश सरकारले वार्षिक उद्यम विकास सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकम,

(ग) दातृ निकाय तथा विकास साझेदार संस्थाबाट उपलब्ध गराइएको रकम,

(घ) उद्यम विकासको लागि सामदायिक संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त भएका रकम,

(ङ) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त भएको रकम,

(च) नगरपालिकाको विषयगत निकायबाट उद्यम विकासका लागि उपलब्ध अनुदान तथा मिलान कोष वापतका रकम,

(छ) प्रशिक्षार्थीहरूले तालिमको क्रममा उत्पादन गरेको सामान विक्रीबाट प्राप्त भएको रकम र

(ज) उद्यम विकासका लागि अन्य स्रोतबाट प्राप्त रकमहरू ।

**५. कोषको सञ्चालन :** (१) नगर उद्यम विकास समितिले उद्यम विकास कोष परिचालन समिति मार्फत कोषको संचालन गर्नेछ ।

(२) उद्यम विकास कोषमा जम्मा भएको रकम नगर उद्यम विकास समितिको स्वीकृतिले रोजगारी सिर्जना तथा उद्यम विकास तथा स्तरोन्नतिका विभिन्न क्रियाकलाप तथा कार्यक्रमहरुमा बाहेक अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) प्रदेश सरकारले मेड्पा कार्यक्रम लगायत आर्थिक आय आर्जन तथा उद्यम विकास र रोजगारी सिर्जनाका लागि नगरपालिकामा उपलब्ध गराउने बजेट यहि उद्यम विकास कोषमार्फत सञ्चालन गरिनेछ ।

(४) उद्यम विकास कोषको खाता सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा नगरपालिकाका लेखा अधिकृतको संयुक्त दस्तखतवाट हुनेछ ।

(५) उद्यम विकास कोषको श्रेस्ता नगरपालिकाको लेखा अधिकृतको जिम्मामा रहनेछ ।

(६) बजेट निकासा, खर्च र प्रतिवेदन एव लेखा परीक्षण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. नगर उद्यम विकास कोष निर्देशन समितिको गठन :**

(१) लघु उद्यम विकास कोष मार्फत सञ्चालन गरिने उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिन देहाय बमोजिमको नगर उद्यम विकास निर्देशन समितिको गठन हुनेछ ।

संयोजक : नगर प्रमुख

सदस्य : नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य महिला सहित दुई जना

सदस्य : प्रतिनिधि, स्थानीय लघु उद्यमी समूह वा उद्योग वाणिज्य संघ

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

(२) निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) उद्यम विकास सम्बन्धी नगरपालिका स्तरीय योजना तर्जुमा गराई नगरसभामा स्वीकृतिका लागि पेश गर्न निर्देशन दिने ।

(ख) स्वीकृत योजनालाई कार्यान्वयन गर्ने कार्य योजना स्वीकृत गर्ने ।

(ग) नगरपालिकाको उद्यम विकास रणनैतिक योजना तयार गर्न निर्देशन दिने ।

(घ) व्यवसाय विकास सेवा प्रदायक संस्थाबाट तयार गरिने कार्यक्रमका प्रगति विवरण बैठकमा छलफल गराउने तथा देखिएका कमीकमजोरी सुधारका लागि निर्देशन, सुझाव दिने

(ङ) नगर क्षेत्रभित्र उद्यम विकासमा काम गर्न सरकारी, गैरसरकारी, नीजि क्षेत्र, विकास साझेदार नागरिक समाजका संघसस्थाहरूसँग कार्यगत सम्बन्ध स्थापित गरी अनुकुल वातावरण तयार गर्ने

(च) उद्यमीका उत्पादनहरूलाई बजार सुनिश्चित गर्न सम्बद्ध नीजिक्षेत्रका संघ-संस्थाहरूसँग अन्तरक्रिया, छलफल, परामर्श गर्ने,

(छ) उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्ना नगर क्षेत्रभित्र रहेका वित्तीय संस्थाहरूको पहिचान गरी उद्यमीहरूसँग सम्बन्ध स्थापित गराउने,

(ज) नगर उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्ने प्रदेश, संघीय मन्त्रालय र अन्य सम्बद्ध संघ सस्थाहरूसँग समन्वय स्थापित गर्ने,

(झ) स्थानीय श्रोत साधनका अधिकतम उपयोग गर्न उद्यमशीलता विकासका लागि चेतना फैलाउने ।

(ञ) मुल्यांकन समितिबाट सिफारिस भई आएको कार्यक्रमहरुको प्रस्तावहरुमा स्वीकृति प्रदान गर्ने ।

(ट) मुल्यांकन समितिबाट सिफारिस भईआएका कार्यक्रमहरुको स्वीकृति प्रदान गर्नुअगावै अनुमोदनको लागि कार्यपालिकामा पेश गर्ने ।

(ठ) मुल्यांकन समितिलाई प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(ड) कार्यक्रम स्वीकृत गर्दा मुल्यांकन समितिबाट सिफारिस भई आएका प्रस्तावहरु जस्ताको त्यस्तै स्वीकृती गर्नु वा थपघट सहित शर्त बन्देज तोकी स्वीकृत गर्न वा पुनः मूल्यांकनको लागि फिर्ता पठाउन सक्नेछ ।

(ढ) निर्देशन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

(ण) निर्देशन समितिले उद्यम कोष सञ्चालन गर्ने सम्बन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्नेछ ।

**७. उद्यम विकास कोष परिचालन समितिको गठन :** (१) सूर्योदय नगरपालिकाको उद्यम विकास कोषको परिचालनका लागि एक उद्यम विकास कोष परिचालन समिति रहनेछ । जसको गठन देहाय अनुसार हुनेछः

| | |
|---|---|
| संयोजक : | नगर उपप्रमुख |
| सदस्य : | प्रशासकीय अधिकृत |
| सदस्य : | युवाहरुको प्रतिनिधित्व हुने गरी कार्यपालिकाको सदस्य एक जना |
| सदस्य : | प्रतिनिधि, नगरपालिकाको दलित तथा अल्पसंख्यक सदस्यहरुबाट नगर प्रमुखले तोकेको एक जना । |
| सदस्य : | प्रतिनिधि, कार्यपालिका महिला सदस्य मध्येबाट एक जना |
| सदस्य : | प्रतिनिधि, स्थानीय लघु उद्यमी समूह/उद्योग वाणिज्य संघ । |
| सदस्य सचिव : | उद्योग विकास शाखाका प्रमुख |

**८. कोष परिचालन समितिको काम, कर्तव्य र अधिकार :** कोष परिचालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) कोषमा प्राप्त हुन आएको रकमलाइ समयमा जम्मा गरी सोको अभिलेख राख्ने ।

(ख) नगर उद्यम विकास कार्य निर्देशिका समितिको निर्णयानुसार कोषमा रहेको रकम खर्च गर्न व्यवस्था मिलाउने ।

(ग) कोषको वार्षिक रूपमा लेखा परीक्षण गर्न व्यवस्था मिलाउने र वित्तीय विवरण सहितको लेखा परीक्षण प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत गराई नेपाल सरकारका सम्बद्ध निकाय र विकास साझेदारलाई लेखा परीक्षण समाप्त भएको एक महिनाभित्र पठाउने ।

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता कायम गर्ने ।

(ङ) कोषको दुरूपयोग हुन नदिने ।

(च) कोषको वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्न र कोषको पूर्ण उपयोगको सुनिश्चितता गर्ने ।

(छ) कोषको भौतिक तथा वित्तीय प्रगतिको प्रतिवेदन नियमित तथा आवधिक रुपमा तयार गरी सम्बन्धित निकायलाई पेश गर्नु पर्नेछ ।

(ज) कोषबाट भएका मासिक खर्चको विवरण सार्वजनिकीकरण गर्नुपर्नेछ ।

(झ) लेखा परीक्षणबाट औंल्याइएका कैफियत तथा बेरुजुहरूलाई ३५ दिनभित्र फछ्र्यौट गराउने व्यवस्था मिलाउने । यसरी लेखा परीक्षण गर्दा असुल उपर गर्न देखिएको रकमको हकमा नियम अनुसार असुल उपर गराउने ।

(ञ) अनुगमन उपसमितिले अनुगमनको सिलसिलामा औंल्याइएका अनियमितता तथा कैफियतहरूको मुल्यांकन गरी भविष्यमा यस्ता अनियमितता तथा कैफियतहरू दोहोरिन नदिने उपचारात्मक र सुधारात्मक उपाय अपनाउने ।

(२) कोषको लेखा नेपाल सरकारको लेखा प्रणालीमा आधारित रहेर प्रचलित कानुन अनुसार राखिनेछ ।

(३) कोषको लेखा व्यवस्थित गर्न नगर उद्यम विकास निर्देशिका समितिले कोष सञ्चालक समितिको रूपमा कार्यालयलाइ आवश्यक निर्देशन दिन सक्नेछ।

**९. प्रारम्भिक सर्वेक्षण तथा मुल्यांकन समितिको गठन प्रक्रियाः** (१) यस निर्देशिका बमोजिम आएका प्रस्तावहरुलाई मुल्यांकन गरी बजेट तथा कार्यक्रम र अनुदान राशिको किटानी सहित निर्देशन समितिमा सिफारिस गर्न देहाय बमोजिमको एक प्रस्ताव मुल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| संयोजकः | आर्थिक विकास समितिका संयोजक |
| सदस्यः | सामाजिक विकास समितिका संयोजक |
| सदस्यः | कार्यपालिकाका महिला सदस्य सहित दुई जना |
| सदस्य सचिवः | उद्योग विकास शाखाका प्रमुख |

(२) प्रारम्भिक सर्वेक्षण तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लघु उद्यमीहरुको छनौट गर्नका लागि प्रारम्भिक सर्वेक्षण गर्ने।

(ख) अनुसूची १ (निवेदनको ढाँचा) बमोजिमको नगर कार्यपालिकाको कार्यालयमा प्राप्त प्रस्तावको मुल्यांकन गरी अनुसूची २ बमोजिम (उद्यमको प्रकार सहित व्यवसायिक ढाँचा) मध्ये कुन प्रकृतिको उद्यम हो सो समेत खोली निर्देशन समितिमा सिफारिस गर्ने।

(ग) प्रस्ताव मुल्यांकनको सिलसिलामा आवश्यक अन्य कुराहरु निर्देशन समितिले तोके बमोजिम हुनेछ।

## भाग ४

## कार्यक्रम सञ्चालन तथा उद्यम क्षेत्र

**१०. कार्यक्रम संचालन गर्ने सेवा प्रदायक संस्थाहरूको परिचालन गर्ने :**

(१) उद्यमशिलता सृजना गर्न शुरुमा निम्न कार्यहरु गरिनेछ।

(क) बजार, श्रोत तथा सम्भाव्यता अध्ययन

(ख) सहभागितामुलक ग्रामीण लेखाजोखा र घरधुरी सर्वेक्षण

(ग) समूह निर्माण र क्षमता वृद्धि

(घ) उद्यमशीलता विकास तालिम

(ङ) सिप विकास तालिम सञ्चालन

(च) थप कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण

(छ) व्यवसाय विकास परामर्श तथा बजार विस्तार

(ज) उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण

(झ) लघु उद्यमीहरूका स्तरोन्नति जस्ता क्रियाकलापहरू सञ्चालन गर्नका लागि नगरपालिकाको आन्तरिक कर्मचारी वा शाखा वा कोष वाट असम्भव भएमा मात्र व्यवसाय विकास सेवा प्रदायक संस्थाहरूको परिचालन गरिनेछ।

(२) **यूवा व्यवसायिक उद्यम क्षेत्र :** उद्यम गर्न चाहने यूवाहरुलाई तपलिका व्यवसायका क्षेत्रहरु देहाय बमोजिम रहनेछन् ।

क) कृषि तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय ।

ख) वन (जडीवुटी वनपैदावार) मा आधारित उद्यम व्यवसाय ।

ग) पुष्प व्यवसाय ।

घ) कृषि उपज संकलन केन्द्र तथा सामुहिक पसल ।

ङ) विज्ञान तथा सूचना प्रविधि र संचारमा आधारित उद्यम व्यवसाय ।

च) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय ।

छ) निर्माणमा आधारित उद्यम व्यवसय ।

ज) हस्तकला, मुर्तिकला, चित्रकलामा आधारित उद्यम व्यवसाय

झ) संस्कृति, साहित्य, सृजना, गीत, संगितमा आधारित भई गरिने उद्यम व्यवसाय

ञ) प्लाष्टिक बोतल तथा फोहोरमैलाको व्यवस्थापनको सहयोगी व्यवसायहरु

ट) आयत परिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने उद्यम व्यवसाय

ठ) समितिले आवश्यकता महसुस गरि छानेका अन्य उद्यम व्यवसाय

११. **विज्ञहरुको परामर्श लिन सकिने:** व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको छनौट गर्न आवश्यकता अनुसार विज्ञ परामर्शदाताहरुको सहयोग लिन सकिनेछ ।

## भाग ५

## प्रारंम्भिक तथा सर्वेक्षण तथा मूल्यांकन समितिले उद्यम विकास कोषवाट उद्यमी तथा रोजगारी सिर्जनाको मूल्यांकनको लागि गरिने क्रियाकलापहरुः

**१२. प्रारम्भिक सर्वेक्षण गर्ने :** (१) कार्यक्रम सञ्चालन गर्न नगरपालिका नगर उद्यम विकास समितिले तोकेको वडाहरूमा उद्यमी सिर्जनाका आधारहरुबारे प्रारम्भिक सर्वेक्षण गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सर्वेक्षण गर्दा देहायका कार्यहरु गर्नु पर्दछ ।

(क) घरधुरी सर्वेक्षण, सहभागी छनौट ।

(ख) सहभागितामूलक ग्रामीण लेखाजोखा

(ग) बजार सम्भाव्यता विश्लेषण

(घ) गरिबीको स्तर मूल्यांकन र उद्यम संचालन पश्चात परिवर्तनको आंकलन ।

**१३. बजार, प्रविधि तथा वातावरणको सम्भाव्यता पहिचान गर्ने :**

(१) उद्यम संचालन हुने स्थानमा निम्न कुराको सर्वेक्षण गर्नुपर्नेछ ।

(क) स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थको सूची तथा सोको विश्लेषण;

(ख) उपलब्ध प्रविधिको सूची तथा सोको विश्लेषण;

(ग) स्थानीय कच्चा पदार्थ र प्रविधिको आधारमा आवश्यक पर्ने सिपको सूची तथा सोको विश्लेषण;

(घ) सम्भावित औद्योगिक वस्तुहरू तथा सोको सम्भावित उपभोक्ताहरू;

(ङ) उद्यम सञ्चालनको लागि आवश्यक भौतिक पुर्वाधारको अवस्था र

(च) वातावरणीय प्रभाव तथा व्यवसायिक वातावरण (सरकारी नीतिका प्रभावसहित) को अवस्था ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनमा सम्बन्धित बजार केन्द्रमा सम्भावना देखिएमा सो को सूची समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनको बारेमा व्यवसाय विकास सेवा प्रदायक संस्थाले सम्वन्धित सरोकारवालाहरु तथा सम्भावित उद्यमीहरूलाइ अभिमुखीकरण गराउनु पर्दछ ।

**१४. सम्भाव्य लघु उद्यमीका पहिचान र छनौट गर्ने:** (१) सम्भाव्य उद्यमीका प्रारम्भिक सर्वेक्षण प्रतिवदनबाट गरिबीका रेखामुनिका परिवार भनी ठहरिएका परिवारलाइ लक्षित समूह मानी सोही समूहका सदस्यहरूलाइ छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उद्देश्य बमोजिम अति गरिब, पिछडिएका महिला (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरू, अपाङ्गता भएका व्यक्ति, लैंगिक अल्पसख्यक, सीमान्तकृत तथा सुविधाविहीन समूहका अनुपातलाइ ध्यान दिनु पर्दछ ।

(३) उद्यमप्रतिको धारणा, प्रतिबद्धताका स्तर, उपयुक्त उमेर समूह (१६-४० वर्ष), जोखिम वहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरूलाइ समेत सम्भाव्य उद्यमी पहिचान प्रकृयामा उचित महत्व दिनु पर्दछ ।

## भाग : ६

## व्यवसायिक उद्यम छनौटको आधार

१५. व्यवसायिक उद्यम छनौटका अधार : भाग ४ दफा १० को उपदफा २ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा कार्य एक वडा भित्रका कम्तिमा १० जना यूवाको समूह एवं संघ संस्थालाई उद्यम संचालन गर्नका लागि देहायका छनौट अधारहरु निर्धारण गरिएको छ ।

१. हामी उद्यम आफ्नै पौरखमा गर्दछौं भन्ने कार्यक्रममा समावेश हुने यूवाको न्यूनत्तम योग्यता :

क. १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक ।

ख. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायें नपाएको ।

ग. सरकारी चलअचल सम्पतिको दुरुपयोग नगरेको ।

घ. मागज नविग्रेको ।

२. यूवा समूहको निर्माण :

क. वेरोजगार यूवा हुनु पर्ने ।

ख. कम्तीमा ५० प्रतिशत यूवा महिला हुनु पर्ने ।

ग. नगरपालिकाको लक्षित समूहमा हुनुपर्नेछ ।

घ. मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यवसायिक सिप तथा विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्बन्धि तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेको यूवालाई विशेष प्राथमिकता दिइनेछ ।

३. समूहका लागि न्यूनत्तम आधारहरु :

क. प्रचलित कानून बमाजिम दर्ता भई नियमानुसार नवीकरण भएको ।

ख. यूवाको हक हितको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको ।

ग. अनुसुची १ बमोजिमको ढाँचामा निवेदन र अनुसुची २ बमोजिमको ढाँचामा व्यवसायिक योजना संलग्न गरेको

घ. कालो सूचीमा नपरेको ।

ङ. १० वा सो भन्दा वढी व्यक्तिहरुको समूह हुनुपर्नेछ । यस्तो समूह सहकारी संस्थाले प्रवर्द्धन गरेको समेत हुन सक्नेछ ।

च. समूहका सदस्य, व्यवसायिक फर्मको संचालनले सीप विकास तथा व्यवसायिक तालिम लिएको हुनुपर्नेछ ।

छ. व्यवसायिक फार्मको हकमा कम्तीमा ५ जना रोजगारी पाएको तथा मूल्य श्रृंखलामा आधारित अवधारणा पत्र पेश गरेको हुनुपर्नेछ ।

झ. उद्यम संचालन गर्ने समूह, संस्था संस्था वा व्यवसायिक फार्मका संचालकहरुको नागरिकताको प्रतिलिपी र कम्तीमा कक्षा ८ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

ञ. सूर्योदय नगरपालिकामा संस्था, समूह वा व्यवसायिक फार्म दर्ता भएको हुनुपर्नेछ ।

ट. करमा दाखिला वा स्थायी लेखा नम्बर (पान नं.) लिएको हुनुपर्नेछ ।

ठ. वडा समितिको सिफारिस अनिवार्य पेश हुनुपर्नेछ ।

ड. आवेदन साथ उद्यम तथा व्यवसायको अवधारणापपत्र र अवधारणपत्र स्वीकृत भएपछि पुरक परियोजना पत्र पेश गर्नुपर्नेछ ।

ढ. उद्यम विकास कोषबाट विशेष अनुदान प्राप्त गर्न मापदण्ड पुगेको उद्यमीको न्यूनत्तम २५ प्रतिशत लगानी सभागिता हुने निश्चितता पुरक परियोजना पत्रमा पेश गर्नुपर्नेछ ।

ण. व्यवसायिक उद्यम संचालन गर्न चाहाने सबै सदस्यहरुले पूर्व अवस्थामा कुनै शिप तथा उद्यमशिलता सम्बन्धि तालिम पुरा गरी कुनै व्यवसायमा संलग्न भएको भनी वडा कार्यालयबाट प्रमाणित गरेको हुनुपर्नेछ ।

त. उद्यम विकास कोषबाट विशेष अनुदान प्राप्त गर्नलाई वडा समितिबाट अनिवार्य रुपमा सिफारिस ल्याउनु पर्नेछ ।

## १५. समूह निर्माण हुनुपर्ने :

(१) वडा कार्यालयहरुले सम्भाव्य उद्यमीहरु रहेको आफ्नो भूगोलमा उद्यम विकास कोषको उद्देश्य र लक्ष बमोजिम कार्यक्रमका उद्देश्य, सहभागिताका रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारका उपलब्धता लगायतका पक्षहरूमा ध्यान दिइ विभिन्न समूह निर्माण गरी समूहमा आवद्ध हुने सहभागीलाई अभिमुखीकरण गर्न सक्दछ ।

(२) समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य संख्या, समूहका सदस्यहरू आवद्ध रहका समुदाय, भौगोलिक अवस्थिति आदि पक्षलाइ ध्यान दिनु पर्दछ ।

(३) यस कार्यक्रममा एउटा समूहमा न्युनतम १० जना सदस्यहरू रहन सक्नेछन् ।

## १६. उद्यमशीलता तथा शिप विकास तालिम सञ्चालन गर्ने :

(१) सम्भाव्य उद्यमीहरूलाइ र समूहलाई नगरपालिकाले विभिन्न सरोकारवालाहरु सँग मिलेर उद्यमशिलता विकास तालिम, लैगिक समानता तथा सामाजिक समावेशिकरण तालिम तथा सिप विकास सम्बन्धि तालिमहरु संचालन गर्न सक्दछ ।

१७. प्राथमिकताक्रम :

कोषबाट रकम दिदा आवेदकलाई निम्न प्राथमिकता निर्धारण गरिनेछ :

क. सहभागितामूलक योजना तर्जुमा तथा छनोट प्रक्रिया अन्तर्गत वडा सभाबाट पारित कार्यक्रम अन्तर्गत पेश भएका अवधारण पत्रहरु ।

ख. अति विपन्न र विकासको पहुँच नपुगेको क्षेत्रको कार्यक्रमहरुलाई ।

ग. बढी भन्दा बढी लक्षित वर्ग समावेश भएका उद्यमहरुलाई

घ. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाा, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला कृषि विकास कार्यालय, महिला तथा बालबालिका कार्यलय, घरेलु विकास समिति, राष्ट्रिय यूवा परिषद, निजी स्तर आदिबाट व्यवासायिक ताेलिम प्राप्त गरेका प्रमाण पत्रहरुको आधारमा ।

**यूवा उद्यमी समूह तथा संघ संस्थाले प्रस्ताव गरेको व्यवसायिक प्रास्तावना मूल्यांकनका आधारहरुमा :**

| **क्र.सं.** | **मूल्यांकनका आधारहरु** | **अंक** |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको व्यवसायिक कार्ययोजना ५ वर्ष | २० |
| २ | समावेशी सहभागिता | ५ |
| ३ | स्थानीय स्रोतमा आधारित | १५ |
| ४ | आर्थिक लगानीको सुनिश्चितता | १० |
| ५ | थप रोजगारी सिर्जना गर्ने | १५ |
| ६ | बजारको सुनिश्चितता | १० |
| ७ | मानवीय स्रोत (तालिम प्राप्त यूवा) | २० |
| ८ | वैदेशिक रोजगारीबाट फर्केको | ५ |
| | जम्मा | १०० |

## भाग ७

## बीउ पूँजी सम्बन्धि व्यवस्था

२०. वीउ पूँजी सञ्चालन गर्न सक्ने :

भाग ६ को व्यवसायिक उद्यम छनौटका आधारका चरणहरु पार गरे पश्चात :-

क. कोषले उद्यमीहरुको उद्यम स्थापना, उद्यम विस्तार तथा स्तरोन्नती, प्रविधि खरिद, बजारीकरण आदिको लागि उद्यमीलाई आवश्यक पर्ने रकम वीउ पूँजीको रुपमा लगानी गर्न सक्नेछ ।

ख. बीउ पूँजी उपलब्ध गराउँदा उद्यम स्तरोन्नती हुन सक्ने, रोजगार वृद्धि हुन सक्ने उत्पादन वृद्धि हुन सक्ने र आम्दानीमा वृद्धि हुन सक्ने आदि कुराहरुलाई ध्यानमा राखेर औचियत्यताको आधारमा बीउ पुँजी रकम उपलब्ध गराइनेछ ।

ग. कोषको अवस्था र उद्यमको प्रकृति हेरी बीउ पूजी रकम रु. १ लाख देखि १० लाख सम्म लगानी गर्न सक्नेछ ।

घ. एक उद्यमीलाई बीउ पूजी रकम बढीमा ३ वर्षको लागि उपलब्ध गराइनेछ ।

ङ. ३ वर्षमा पहिलो वर्ष ३० प्रतिशत, दोस्रो वर्षमा ३० प्रतिशत र तेस्रो वर्षमा ४० प्रतिशतको दरले बीउ पूजी रकम कोष फिर्ता गर्नु पर्नेछ ।

२१. कोषको लगानी तथा सिफारिस :

क. यस कार्यक्रममा सहभागी हुन चाहने व्यक्ति, फर्म, समूहरुबाट प्राप्त निवेदन, व्यवसायिक कार्य योजना, लगानीको मात्रा तथा फिर्ता गर्ने समेत व्यवस्थाको सिफारिसका लागि भाग ३ को दफा ९ अनुसारको प्रारम्भिक सर्वेक्षण तथा मूल्यांकन समितिले पेश गरेको प्रतिवेदनको आधारमा निर्देशन समितिले निर्णय गर्दछ

ख. उपदफा क अनुसार निर्णय गर्दा व्यवसायको प्रकृति, स्रोतबाट प्राप्त हुने प्रतिफल, लगानी फिर्ता गर्ने निश्चित गर्ने आधार र फिर्ता नभए असुलउपर गर्ने आधार र प्रक्रिया समेत निर्धारण गरी निर्णय गर्नुपर्नेछ ।

२२. कोषको संचालन :-

क. उद्यम विकास कोष संचालनका लागि नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम बैंक खाता खोली संचालन गर्नेछ ।

ख. कोषको खाता संचालन प्रमूख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा अधिकृतको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

ग. प्रस्तावना स्वीकृत भई ऋण प्राप्त गर्ने यूवा समूहले व्यवसायिक प्रस्तावनाको कुल बजेटको २० प्रतिशत बराबरको रकम उप दफा (क) बमोजिमको बैंक तथा वित्तिय संस्थाको खातामा अग्रिम जम्मा गरी सोको बैंक भौचर सम्बन्धित नगरपालिको उद्यम विकास समितिमा पेश गर्नु पर्नेछ ।

घ. सम्झौता भई सकेपछि उद्यमी समूहहरुले अनिवार्य रुपले बैंक तथा वित्तिय सेवा प्रदायक संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ता भित्र व्यवसायिक प्रस्तावनाको आधारमा नगरपालिकाले पहिलो किस्ता ५० प्रतिशत रकम र सम्झौता बमोजिम अनुसूची ३ को प्रगति प्रतिवेदनको ढाँचाको आधारमा प्रतिवेदन प्राप्त भए पछि बाँकी ५० प्रतिशत रकम सम्बन्धित समूह तथा संस्थाको खातामा नगरपालिकाले स्थलगत अनुगमन गरी निकाशा गर्नेछ ।

ङ. प्रत्येक समूह तथा संघ संस्थाले प्राप्त गरेको वीउ पूँजी रकम पहिलो वर्ष ३० प्रतिशत दोस्रो वर्ष ३० प्रतिशत र अन्तिम वर्ष ४० प्रतिशत रकम नगरपालिकाको उद्यम विकास कोष खातामा फिर्ता गर्नुपर्नेछ ।

च. यूवा उद्यम समूहले प्राप्त ऋण व्यवसायको व्यवसायिक योजना अनुसार ३ वर्ष भित्र नगरपालिकाले तोकेको बैंक खातामा फिर्ता गरिसक्नु पर्नेछ । ऋण भुक्तानी सम्बन्धि प्रकृया ऋण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

छ. यूवा उद्यमी समूहहरुले थप उद्यमशिलता सृजना गर्ने कार्य गरेमा निर्देशन समितिको निर्देशन अनुसार उद्यम विकास कोषबाट थप रकम वीउ पूँजीको रुपमा दिन सकिनेछ ।

ज. उद्यम विकास कोष : उद्यम विकासका लागि नगरपालिकाको छुटै बैंक खाता हुनेछ । यस कोषमा भाग ३ को दफा २ अनुसार प्राप्त रकम यूवा उद्यमी समूहले ऋण फिर्ता गरेको रकम तथा सहयोगी व्यक्ति, संघसंस्था वा निकायले यूवा उद्यम विकासको लागि उपलब्ध गराएको रकम जम्मा हुनेछ ।

झ. नगरपालिका उद्यम विकास समितिले यसरी यूवा समूहबाट संचालित उद्यमको समूह वा संघसंस्थाबाट फिर्ता भएको रकम उद्यम विकास कोष मार्फत अन्य क्षेत्रका यूवा समूहलाई पुनः यूवा उद्यमको क्षेत्रमा लगानी विस्तार गर्दै लैजानेछ ।

ञ. यूवा समूहबाट तोकिएको अवधिमा ऋण फिर्ता नगरेमा अनुसूची ३ को सम्झौतामा उल्लेख भए बमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानून

बमोजिम हर्जना सहित (प्रचलित नियमानुसार लाग्ने ब्याज) सहित ऋण रकम निज वा निजका एकाघरका अभिभावकको नाममा रहेको चल अचल सम्पतीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२३. लेखा परीक्षण :

क. उद्यम विकास कोषबाट संचालित उद्यमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नुपर्नेछ ।

ख. यसरी लेखापरीक्षण गराउँदा कार्यक्रम तर्फको प्रतिफल, उपलब्धी र प्रभावका आधारमा प्रगति विश्लेषण अनिवार्य रुपमा गर्नुपर्नेछ ।

## भाग ८

## समन्वय तथा सहकार्य

२४. नगरपालिकाले प्रस्तावित उद्यमहरु संचालन र प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकार, केन्द्र सरकार, विभिन्न सरकारी, गैर सरकारीतथा निजी संघसंस्थाहरु सँग समन्वय गर्न सक्नेछ ।

२. उद्यम विकासको मुख्य उद्देश्य वेरोजगार यूवा समूहलाई उद्यमशिलताको विकास गरी सफल उद्यम संचालनमा सहयोग गर्ने रहेको र नेपाल सरकार उद्योग मन्त्रालय सँग द्विपक्षयि समन्वय गरिनेछ । उद्यु उद्यम विकास कार्याक्रम सँग समन्वय गरी संभाव्य उद्यमी यूवाहरुलाई सीपमूलक तालिम उपलब्ध गराउन समन्वय गरिनेछ । उद्यम विकास कोष समितिले यूवा समूह छनौट गरी जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालय तथा घरेलु विकास समिति सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

३. उद्यम विकास कोष समितिले उद्यम कार्यक्रम संचालन गर्ने अन्य निकाय, व्यावसायिक सीप विकास तथा तालिम केन्द्र, शिक्षा मन्त्रालय अन्तर्गत संचालित परियोजना, यूवा स्वरोजगार कोष, वाणिज्य बैंक, वित्तीय संस्था, विमा कम्पनी र राष्ट्रिय संघसंस्था सँग आवश्यकता अनुसार द्विपक्षीय समझदारी गरी सहकार्य गर्न सक्नेछ ।

## भाग ९

## अनुगमन तथा निरीक्षण

२४. अनुगमन :

उद्यम विकास कोषबाट "हामी उद्यमी आफ्नै पौरखमा गर्दछौँ" शर्षिकमा परिचालित रकमको सही कार्यान्वयन तयसको उपलब्धि तथा प्रभावकारीता र नतिजाको नियमित अनुगमनको लागि सूर्योदय नगरपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दफा ३२ अनुसार हुनेछ तर नगर कार्यपालिकाले यस कार्यक्रमको अनुगमनलाई प्रभावकारी र नतिजामुखी बनाउन नगरपपालिकाले नगर कार्यपालिकाले छुटै अनुगमन समिति निर्माण गर्न सक्नेछ । साथै समय समयमा नागरिक समाज, पत्रकार, सरोकारवाला आदिबाट पनि अनुगमन निरीक्षण गराई पृष्टपोषण तथा सूझावहरु लिन सक्नेछ भने निर्देशन समितिबाट समय समयमा निरीक्षण हुन सक्नेछ ।

## भाग १०

## पुरस्कार तथा दण्ड सजाय

२५. पुरस्कार : यूवा उद्यम विकास कोषबाट लगानी भएको कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका अधारमा उच्चतम अंक हासिल गर्ने उद्यम व्यवसायी समूह तथा संस्थालाई नगद तथा प्रमाण पत्रबाट पुरस्कृत गरिनेछ ।

क. स्थानिय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने ।

ख. तोकिएको समय वा समय अगावै ऋण रकम फिर्ता गर्ने उद्यमी ।

ग. अधिकतम रोजगार सिर्जना गर्ने ।

घ. निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन गर्न योगदान पुर्याएको ।

ङ. आर्य आर्जन  वृद्धि गर्ने कार्यक्रम ।

च. उद्यमको विकासले स्थानिय समुदाय तथा क्षत्रमा पारेको सकरात्मक प्रभाव ।

छ. उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको ।

ज. कार्य योजना अनुसार कार्य सम्पादन प्रगति गरेको आदि ।

२६. दण्ड सजाय :

१. उद्यमी संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता कार्यान्वयन नगरेमा उद्यमी समूह वा संस्थालाई नगरपालिकाबाट संचालन गरिने कुनै पनि कार्यक्रमहरुमा सहभागि गराइने छैन ।

२. उद्यमी संस्था सँग सम्झौता भइसकेपछि सम्झौता अनुसार गुणस्तर एवं परिमाणमा कार्य सम्पन्न नगरेमा तथा उद्यम विकास कोषबाट दिइएको बजेट हिनामिना गरेमा गरेको रकम प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ । यस कार्यमा स्थानिय प्रशासन र सम्बन्धित वडा तथा नगरपालिकाबाट दण्ड सजाय हुनेछ ।

## भाग ११

## विविध

२७. सहयोग गर्नुपर्ने : यस निर्देशिका बमोजिम यवा उद्यम विकास संचालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२८. ब्याख्या गर्ने अधिकार : यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भई ब्याख्या गर्नुपर्ने भएका उद्यम विकास कोष समितिले अन्तिम ब्याख्या गर्नेछ ।

२९. निर्देशन तथा निर्देशिका पालना

क. नगरपालिकबाट विशेष अनुदान प्राप्त गरी उद्यम व्यवसाय संचालन गरी रहेको संस्था समूह वा फार्महरुलाई नगरपालिकाले समय समयमा अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

ख. उपदफा क बमोजिम प्राप्त निर्देशनको पालना गर्न सम्बन्धित लाभग्राही संस्थाको कर्तव्य हुनेछ ।

३०. कार्यविधि संसोधन गर्न सक्ने : नगरपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संसोधन गर्न सक्नेछ ।

३१. बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा आइपरेमा नगरपालिका कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

३२. नियम बनाउन सक्ने :

यस कार्यविधिको उद्देश्य पुरा गर्न उद्यम विकास कोष परिचालन समितिले आवश्यक थप निर्णय गर्न सक्नेछ ।

३३. प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा उल्लेख भएको विषय प्रचलित कानून बमोजिम हुनेछ ।

३४. बचाउ तथा खारेजी :

क. यस कार्यविधिमा उल्लेख भएका विषयहरु नेपालको संविधान र संघीय तथा प्रादेशिक कानून सँग बाझिएमा बाझिएको हदसम्म संविधान संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

अनुसूची १

दफा ९ उपदफा २ (ख) सँग सम्बन्धित

निवेदनको ढाँचा

मिति : ........................

श्रीमान् संयोजक ज्यू,
उद्यम विकास कोष परिचालन समिति,
सूर्योदय नगर कार्यपालिका, फिक्कल, ईलाम ।

**विषय : व्यवसायिक उद्यम संचालनको लागि निवेदन पेश गरेको सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा हामी तपसिलका व्यक्तिहरुले ईलाम जिल्ला सूर्योदय न.पा. वडा नं. ........ मा ............................................................ व्यवसायिक उदम संचालन गर्न चाहेको हुनाले उद्यम विकास कोष परिचालन कार्यविधि बमोजिम उपलब्ध गराइने विशेष अनुदान सहयोग पाउँ भनी कार्यविधिले निर्धारित गरेको शर्त कागजात, वडा समितिको सिफारिस सहित संलग्न राखी यो निवेदन पेश गरेका छौं ।

संस्थागत विवरण :

१. संस्था समूह वा फार्मको नाम :

२. ठेगाना

३ समूह वा संस्था दर्ता नं.

४. दर्ता भएको जिल्ला : दर्ता मिति :

५. नविकरण मिति : स्थायी लेखा नम्बर :

६ सम्पर्क व्यक्तिको नाम : ठेगाना :

पद : सम्पर्क नम्बर :

७. संस्थाको छाप :

| क्र.सं. | नाम थर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | सम्पर्क नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसुची २

## दफा ९ उपदफा २ (ख) सँग सम्बन्धित

## व्यवसायिक योजनाको ढाँचा

| क.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, संक्षिप्त परिचय र उद्देश्य | नाम :<br>उद्यमको संक्षिप्त परिचय :<br>उद्देश्य :<br>विषय :<br>उद्यमबाट उत्पादन हुने वस्तुको नाम : |
| २ | ठेगाना | जिल्ला ........ न.पा.गा.पा. ................. निर्वाचन क्षेत्र नं........<br>सम्पर्क नं. .......... टोल ........... वडा नं. .... घर नं. .......... |
| ३ | संलग्न हुने अनुमानित जनशक्ति | महिला .......... पुरुष .......... प्राप्ती ..........<br>स्वदेश वा विदेशबाट |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थ नाम :..........<br>स्रोत .......... (स्थानिय वा वाह्य) |
| ५ | प्रयोग हुने मेशिनरी औजारको विवरण | नाम .......... अनुमानित लागत ..........<br>वाह्य । स्थानिय स्रोत .......... |
| ६ | अनुमानित लागत | कुल रु. .......... अचल पुँजी रु .......... चल पूँजी रु. .......... |

| | | |
|---|---|---|
| | | अचल पूँजीको नाम : .......... |
| ७ | उत्पादित वस्तुको बजारक्षेत्र | बजारको नाम ढुवानी खर्च .......... दुरी .................... |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु. ..........<br>वार्षिक अनुमानित नाफा रु. .......... |
| ९ | रोजगारी पाउने यूवाको अनुमानित संख्या | महिला .......... पुरुष .......... जम्मा .......... |
| १० | अन्य | |
| | | |

१०. उद्यम समूहको विवरण

यूवा उद्यम समूहको नाम :

उद्यममा संलग्न हुने यूवाहरुको विवरण :

| सि.नं. | नाम,थर | पद | लिङ्ग | ठेगाना | उमेर | शैक्षिक योग्यता | तालिमको नाम र अवधि | सम्पर्क नम्बर | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

समूह/संस्थाको छाप :

अध्यक्ष

समूह/संस्थाको

दस्तखत :

नाम, थर :

# अनुसूची ३
## दफा २२ को उपदफा घ सँग सम्बन्धित
## प्रगति प्रतिवेदनको ढाँचा

१. वडा नं. ..........

२. यूवा उद्यम समूहको नाम :

३. कार्यक्रमको परिचय :

४. कार्यक्रमको उद्देश्य :

५. उद्यम व्यवसाय संचालनको विधि प्रक्रिया :

६. उद्यममा संलग्न यूवाहरुको विवरण (जनशक्ति, लिङ्गगत)

| क्र.सं. | नाम, थर | ठेगाना | लिङ्ग | दलित | जनजाती | ब्राह्मण क्षेत्री | मधेशी | अन्य | महिला | पुरुष | जम्मा | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |

७. उद्यम संचालन स्थान :

८. उद्यम संचालन भएको मिति :

९. उद्यम संचालन अवधि :

१०. हाल सम्म उद्यमले गरेको मुख्य कार्य प्रगति :

११. उद्यम संचालन गर्दा आइपरेका समस्याहरु : ...............................

१२. ती समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु : ...............................

१३. यस वर्ष अनुगमन गरेको पटक : ..........

१४. अनुगमनबाट प्ाप्त मूख्य मूख्य सझावहरु र कार्यान्वयनका लागि गरिएका प्रयासहरु ..........

क. मुख्य सुझावहरु :...............................

ख. कार्यान्वयनका लागि गरिएका प्रयासहरु :...............................

ग. केन्द्रबाट गुर्नपर्ने केही भए :...............................

१५. प्राप्त उपलब्धीहरु

१६. निष्कर्ष : ...............................

१७. सुझाव : ..............................

क. यूवा उद्यम समूहको बैठकको निर्णय उतार प्रति :

ख. कार्यक्रम बारे सरोकारवालाहरुलाई जानकारी गराएको कागज प्रमाणपत्र प्रतिलिपीहरु

ग. कार्यक्रम सुरु भएको जानकारी पत्र (विभिन्न) निकायलाई लेखिएको पत्रका प्रतिलिपीहरु

घ. कार्यक्रम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तव्यको प्रति

ङ. कार्यक्रम सँग सम्बन्धित फोटो र प्रतिवेदनको विद्युतिय प्रति

च. संचालित कार्यक्रम सँग सम्बन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रति र अन्य केही भए उल्लेख गर्ने ।

छ. अन्तिम प्रतिवेदनको एक प्रति विद्युतीय प्रति समेत उपलब्ध गराउने ।

अनुसूची ३

दफा २२ सँग सम्बन्धित

**वीउ पूँजी अनुदान कोष परिचालन सम्झौता फाराम**

सम्झौता मिति : ................

ईलाम जिल्ला सूर्योदय नगरपालिका वडा नं. ................ टोल विकास संस्था वस्ने बाजे ................ बुवा ................ को छोरा वर्ष ................ को म/हामी ................ मेरो सहरकी संस्था, समूह, व्यवसायिक फार्म ................ को सञ्चालक/अध्यक्ष/प्रतिनिधिले सूर्योदय नगरपालिकाको उद्यम विकास कोष परिचालनको सम्झौता फारममा आधिकारिक व्यक्तिको रुपमा हस्ताक्षर गरेको छु।

| विशेष अनुदान लिएको रकम | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | ३० प्रतिशत | रकम | ३० प्रतिशत | रकम | ४० प्रतिशत | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

म माथिको सम्झौता बमोजिम उल्लेखित बुँदाहरु पूर्ण रुपमा पालना गर्दे नगरेको देखिएमा कानून बमोजिम कारवाही भोग्न तयार छु । साथै समयतालिकामा भए अनुसारको किस्ता समयमा बुझाउनेछु । अन्यथा भएमा मेरो चलअचल सम्पत्ति वा जायजेथाबाट असुल उपर हुन मेरो मञ्जुर छ भनी वडा समितिको रोहवरमा सामुहिक जमानतमा यो सम्झौता पत्रमा हस्ताक्षर गरिदिए ।

दोस्रो पक्ष :
संस्था, समूह वा फार्मको तर्फबाट
नाम :
ठेगाना :
पद :
हस्ताक्षर :

पहिलो पक्ष :
सूर्योदय न.पा.को तर्फबाट
नाम :
ठेगाना :
पद :
हस्ताक्षर :

औंठाको छाप

संस्था, समूह वा फार्मको छाप :

नोट : व्यवसाय वा उद्यमको प्रकृति हेरी विशेष अनुदान फिर्ताको सम्झौता फारम र किस्ता समय तालिका फरक हुनेछ ।

# बायोग्यांस प्लान्ट निर्माण र संचालन सम्बन्धी निर्देशिका, २०७५

**प्रस्तावना:** स्थानीय साधनश्रोतको परिचालनवाट वैकल्पिक उर्जाको रुपमा बायोग्यांस उत्पादन गरी नागरिकहरुको खाना पकाउने ग्यांस र विजुली बत्ती बाल्ने आवश्यकता पुरा गर्नको लागि सूर्योदय नगरपालिकावाट संचालित लागत साझेदारी कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, पारदर्शी र प्रभावकारी बनाउन बाञ्छनीय भएकोले नगरपालिकावाट जारी सूर्योदय राजपत्र, २०७५ को कार्यविधि नं. ८ मा ब्यवस्था भए अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **बायोग्यांस प्लान्ट निर्माण र संचालन सम्बन्धी निर्देशिका, २०७५** बनाई लागू गरिएकोछ ।

## परिच्छेद–१

## नाम र परिभाषा

**१.नाम:** यस निर्देशिकाको नाम **बायोग्यांस पलान्ट निर्माण र संचालन सम्बन्धी निर्देशिका, २०७५** रहेकोछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **बायोग्यांस प्लान्ट** भन्नाले गाई भैंसी लगायतका घरपालुवा पशुको मलमुत्र, पांगारिक पदार्थ र चर्पीको निकास समेतको प्रयोगवाट उर्जा उत्पादन गरी खाना पकाउन र विजुली बत्ती बाल्न स्थापना गरिने प्लान्टलाई जनाउनेछ ।

(ख) **नगरपालिका** भन्नाले सूर्योदय नगरपालिका बुझ्नु पर्दछ ।

(ग) **प्रमुख** भन्नाले सूर्योदय नगरपालिका प्रमुख सम्झनु पर्दछ ।

(घ) **प्रमुख प्रशासकीय अधिकृत भन्नाले** सूर्योदय नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) **पूंजि खर्च** भन्नाले स्थायी प्रकृतिको सम्पति खरिद गर्न प्रयोग हुने खर्च जसले धेरै समय सम्म पूंजि निर्माणमा सहयोग गर्दछ भन्ने सम्झनु पर्दछ ।

(च) **स्थानीय सरकार** भन्नाले स्थानीय गांउपालिका वा नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सरकार भन्ने बुझ्नु पर्दछ ।

(छ) **निर्देशन समिति** भन्नाले यस निर्देशिका बमोजिम गठित निर्देशन समितिलाई जनाउने छ ।

(ज) **मूल्यांकन समिति** भन्नाले यस निर्देशिका बमोजिम गठित मूल्यांकन समितिलाई जनाउने छ ।

(झ) **मेशिनरी उपकरण** भन्नाले प्रशोधन उद्योगमा प्रयोग हुने मेशिन औजार यन्त्र उपकरण साथै स्थानीय स्तरमा पार्ट पूर्जा जडान गरी तयार गरिएको एसम्वलेड मेशिन उपकरण समेतलाई जनाउनेछ ।

(ञ) **प्लान्ट स्थापना** भन्नाले नयाँ भौतिक निर्माण तथा उपकरण स्थापना वा पुरानो प्लान्टको क्षमता विस्तार गर्ने कार्यलाई समेत जनाउनेछ ।

(ट) **ऐन** भन्नाले संघीय ऐन, प्रादेशिक ऐन तथा स्थानीय तहको ऐन समेत सम्झनु पर्नेछ ।

(ठ) **नियमावली** भन्नाले संघीय, प्रादेशिक र स्थानीय सरकारवाट जारी नियमावली सम्झनु पर्नेछ ।

(ड) **साना किसान** भन्नाले मुख्य ब्यवसायको रुपमा कृषि वाली तथा पशुपंक्षी र माछापालन ब्यवसाय संचालन गर्ने किसान भन्ने बुझ्नुपर्दछ ।

(ढ) **लागत साझेदारी** भन्नाले बायोग्यांस प्लान्ट् खरिद तथा निर्माण लागतमा संवन्धित नगरपालिका कार्यालय र ब्यक्ति वा समुहवीच सहभागिता हुने गरी लागत अंश बाडफांड गर्ने भन्ने बुझिन्छ ।

(ण) **बायोग्यांस कम्पनि** भन्नाले बायोग्यांस प्लान्ट स्थापना गर्न चाहिने मेशिनरी औजार तथा सामाग्री र प्रविधि आपूर्ति गर्ने निजी कम्पनि भन्ने बुझ्नु पर्दछ ।

(त)

(थ)

(द)

## परिच्छेद–२

## वित्तीय सहयोग तथा अनुदान सम्वन्धी ब्यवस्था

### ३. वित्तीय सहयोग तथा अनुदान दिन सकिनेः

(१) स्थानीय सूर्योदय नगरपालिकामा बसोवास गर्ने विपन्न नागरिकहरुवाट घरपालुवा पशुको मलमुत्र, चर्पीको निकास तथा अन्य प्रांगारिक पदार्थमा आधारित बायोग्यांस प्लान्ट् स्थापना गरी निजी तवरले उर्जा उत्पादन र प्रयोगवाट स्वच्छ र स्वस्थ्य वातावरणको साथै आर्थिक सामाजिक लाभ प्राप्त गर्न चाहेमा स्थानीय सरकारले देहाय बमोजिम आर्थिक सहयोग दिनेछः

(क) ब्याज अनुदान सहयोग

(ख) पूंजिगत खर्च सम्वन्धी सहयोग

(ग) कार्यक्रम वजेट सम्वन्धी सहयोग

(२) उपदफा १ खण्ड (क), (ख) र (ग) मा उल्लेखित आर्थिक सहयोग प्राप्त गर्ने एकल कृषक वा समुह वा संस्थाले  अनिवार्य रुपमा लागत सहभागिता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कृषक वा समुह वा संस्थालाई प्रदान गरिने वित्तीय सहयोगको रकम वितरणको लागि स्थानीय नगरपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको वित्तीय सहयोग देहाय बमोजिमका कार्यक्रमका लागि दिईनेछः

(क) स्थानीय नगरपालिकाको भौगोलिक क्षेत्र भित्र बसोवास गर्ने नागरिकले पशुपालन व्यवसायवाट उत्पादन हुने मलमुत्र, ट्वाइलेटको निकास र अन्य घरेलु फोहरमैला समेतको प्रयोग गरी सामुहिक वा ब्यक्तिगत रुपमा गोवरग्यांस प्लान्ट निर्माणको लागि वाणिज्य बैंक, विकास बैंक, लघुवित्त वितीय संस्था र सहकारी संस्थावाट नियमानुसार लिएको ऋणको ब्याज रकम भुक्तानी गर्न वित्तीय सहयोग दिईनेछ ।

(ख) स्थानीय नागरिकहरुले पशुपालन ब्यवसायवाट उत्पादन हुने मलमुत्र, ट्वाइलेटको निकास र अन्य घरेलु फोहरमैला समेतको प्रयोग गरी एकल वा सामुहिक रुपमा बायोग्यास प्लान्ट स्थापना र संचालन गर्ने प्रयोजनको लागि एकल कृषक वा समुह वा संस्थालाई पूंजिगत खर्च तर्फ वित्तीय सहयोग दिईनेछ ।

(ग) स्थानीय पशुपालन फार्म, डेरी उद्योग तथा खाद्य प्रशोधन उद्योगवाट उत्पन्न उपउत्पादन र पर्यटन ब्यवसायीहरुले होटल ब्यवसायवाट उत्पन्न हुने फोहरमैला तथा चर्पीको निकास समेतको प्रयोग गरी बायोग्यांग प्लान्ट स्थापना र संचालन गर्न एकल कृषक वा समुह वा संस्थालाई पूंजिगत खर्च तर्फ वित्तीय सहयोग दिईनेछ ।

**४. ब्याज अनुदान दिन सकिनेः**

(१) स्थानीय उद्यमी तथा नागरिकहरुलाई दफा ३ को उपदफा (१) खण्ड (क) अनुसार उपदफा (४) खण्ड (क) बमोजिमको वैकल्पिक उर्जा ब्यवसाय स्थापना र संचालनको लागि देहाय बमोजिम ब्याज अनुदान सहयोग उपलब्ध गराईनेछः

(क) निजी उद्यमी व्यवसायि, कृषक लगायतका स्थानीय नागरिकहरुले व्यक्तिगत र सामुहिक रुपमा बायोग्यांस प्लान्ट स्थापना र संचालनको लागि वाणिज्य बैंक, विकास बैंक, लघुवित्त वितीय संस्था र सहकारी संस्थावाट नियमानुसार लिएको व्यक्तिगत र सामुहिक ऋणको ब्याजमा अनुदान दिईनेछ ।

(२) बायोग्यास प्लान्ट स्थापना र संचालनको लागि लिईएको ऋणमा अनुदान सहयोग प्राप्त गर्न व्यक्ति तथा समुहले स्थानीय नगरपालिकाको कार्यालयमा दरखास्त साथ प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त साथ पेश भएका प्रस्तावहरु छानवीन र मूल्यांकन गरी निर्देशन समितिवाट निर्णय भए बमोजिम ब्याज अनुदान रकम भुक्तानी गरिनेछ ।

(३) स्थानीय सरकारको स्वीकृत बार्षिक बजेट र कार्यक्रमको आधारमा प्रत्येक बर्ष ब्याज अनुदान दिन सकिनेछ ।

**५. पूंजिगत खर्चमा लागत सहभागिता गर्न सकिनेः**

(१) स्थानीय व्यक्ति वा समुह वा संघसंस्थालाई दफा ३ को उपदफा (१) खण्ड (ख) अनुसार उपदफा ४ खण्ड (ख) र (ग) बमोजिम बायोग्यांस प्लान्ट स्थापना र संचालन गर्न देहाय बमोजिम पूंजिगत खर्चमा नगरपालिकावाट लागत सहभागिताको आधारमा वित्तीय सहयोग दिइनेछः ।

(२) दफा ५ को उपदफा (१) बमोजिम व्यक्ति वा समुहलाई वित्तीय सहयोग दिदा परियोजना लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी पूंजिगत खर्चमा वित्तीय सहयोग दिईने छ ।

(३) सामान्यतया एउटै व्यक्ति वा समुहले एउटै परियोजनाको लागि एक पटक पूंजिगत खर्चको लागि वित्तीय सहयोग लिई सकेपछि पुनः पूंजिगत खर्चमा वित्तीय सहयोग लिन सकिने छैन ।

**६. कार्यक्रम अनुदान सहयोग प्रदान गर्न सकिनेः**

(१) दफा ३ को उपदफा (१) खण्ड (ग) बमोजिमको कार्यक्रम खर्च संवन्धी सहगोग स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा ब्यवस्था गरी बायोग्यांस प्रवर्धन विषयक तालीम संचालनको लागि दिन सकिनेछ ।

(२) कार्यक्रम खर्च अनुदान शीर्षकमा प्राप्त रकम बायोग्यांस प्लान्ट संचालनकर्ता सदस्यहरुको क्षमता विकासको लागि प्लान्ट मर्मतसंमार तथा अन्य सीप विकास तालीम कार्यक्रम संचालन गर्नको लागि लिन सकिनेछ ।

**७. वित्तीय लागत सहभागितावाट संचालिन कार्यक्रमहरुको प्रगति दिनु पर्नेः**

(१) स्थानीय ब्यक्ति/समुह/संस्थाले स्थानीय सरकारको बजेट प्राप्त गरी संचालित जुनसुकै कार्यक्रमको कार्य सम्पन्न प्रगति प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्दछ ।

**८. वित्तीय सहयोग दिन नसकिनेः**

(१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा वित्तीय सहायता उपलब्ध गराईनेछैनः

(क) स्थानीय नगरपालिका भित्र मतदाता नगरेको ब्यक्ति भएमा ।

(ख) एउटै प्रयोजनको लागि अन्य निकायवाट वित्तीय सहयोग लिएको भएमा ।

(ग) निर्धारित समयमा निवेदन साथ प्रस्ताव नगरेको अवस्थामा ।

(घ) अघिल्ला बर्षहरुमा प्राप्त वित्तीय सहयोग तथा अनुदानको सदुपयोग नगरेको भएमा ।

(ङ) कार्यक्षेत्र भन्दा बाहिर गई कार्यक्रम संचालन गरेको अवस्थामा ।

(च) नियमानुसार कर चुक्ता नगरेको अवस्थामा ।

# परिच्छेद–३

## वित्तीय सहायता तथा अनुदान वितरण प्रकृया

### ९. सूचना प्रकाशन गर्नेः

(१) यस निर्देशिकामा ब्यवस्था भए बमोजिम बायोग्यांस प्लान्ट स्थापना र संचालनको लागि ब्याज अनुदान सहयोग र पूंजिगत खर्चको रकम प्राप्त गर्न ईच्छुक एवं योग्य ब्यक्तिहरुबाट दरखास्त आब्हान गरिने छ ।

(२) प्रस्ताव आब्हानको लागि स्थानीय वा प्रदेशस्तरको पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । सूचना प्रभावकारी बनाउन सम्वन्धित स्थानीय नगरपालिका कार्यालय तथा सवै वडा कार्यालयहरुमा सूचना टांस गर्नुको साथै स्थानीय रेडियो समेतको उपयोग गर्न सकिनेछ ।

(३) सूचनामा वित्तीय सहयोग तथा अनुदान प्राप्त गर्न आवेदन गर्ने प्रमुख आधारहरु, दरखास्त साथ पेश गर्नुपर्ने विवरण र कागजपत्रहरु एवं दरखास्त दर्ता गर्ने मिति र कार्यालय वारे स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

### १०. सोझै प्रस्ताव पेश गर्न सकिनेः

दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा उल्लेखित बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि नगरपालिकाको कार्यालयले १५ दिनको समय दिई सोझै प्रस्ताव आब्हान गर्न सक्नेछ ।

### ११. दरखास्त पेश गर्नु पर्नेः

यस निर्देशिका बमोजिम वित्तीय सहयोग तथा अनुदान प्राप्त गर्न चाहने ब्यक्तिहरुले देहाय बमोजिमको विवरण संलग्न गरी दफा ९ बमोजिम सूचनामा दिएको समय सीमा भित्र अनुसूची १ बमोजिमको ढांचामा नगरपालिकाको कार्यालयमा दरखास्त दिनुपर्नेछः

(क) नागरिक प्रमाणपत्रको प्रतिलिपि,

(ख) कर तिरेको प्रमाणपत्रको प्रतिलिपि,

(ग) परियोजना प्रस्ताव,

(च) संगठित संस्थावाट ऋण लिएको प्रमाणको प्रतिलिपि,

(छ) ब्यक्तिको सम्पर्क नम्वर सहितको ठेगाना विवरण,

(ज) बायोग्यास प्लान्ट स्थापनाको लागि आवश्यक सामाग्री, उपकरण तथा प्रविधि उपलब्ध गराउने कम्पनिसंग भएको संझौताको प्रतिलिपि ।

**१२. प्रारम्भिक छानवीन गर्नेः**

(१) दफा ११ बमोजिम दरखास्त उपर नगरपालिकाको कार्यालयमा गठित प्रारम्भिक छानवीन उपसमितिले प्रारम्भिक छानवीन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानवीन उपसमितिले अनुसूची ३ बमोजिमको प्रारम्भिक जांचसूचीको आधारमा प्रस्तावमा संलग्न कागजातहरु रुजू गर्नुको साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानवीन गर्दा अनुसूची ३ मा उल्लेखित कुनै एक बूदामा असफल भएमा उक्त दरखास्त मूल्यांकनको लागि समावेश गरिनेछैन ।

)४) दरखास्त छानवीनका सिलसिलामा आवश्यक अन्य कुरा प्रस्ताव मूल्यांकन समितिले तोके बमोजिम हुनेछ ।

**१३. प्रारम्भिक छानवीन उपसमितिको ब्यवस्थाः**

(१) दफा १२ (२) बमेजिम वित्तीय सहयोगको लागि दर्ता हुन आएका दरखास्त छानवीन गरी प्रस्ताव मूल्यांकन समितिमा पेश गर्न देहाय बमोजिमको एक प्रारम्भिक छानवीन उपसमिति रहनेछः

| | |
|---|---|
| (क) प्रशासकीय अधिकृत | संयोजक |
| (ख) इन्जीनियर वा सहायक प्राविधिक | सदस्य |
| (ग) भौतिक पूर्वाधार शाखाको प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम छानवीन गर्दा वित्तीय सहयोग दिन योग्य देखिएमा प्रस्ताव मूल्यांकन समितिमा सिफारिश गरिनेछ।

)३) दरखास्त छानवीनका सिलसिलामा आवश्यक अन्य कुराहरु मूल्यांकन समितिले तोके बमोजिम हुनेछ।

**१४. प्रस्ताव मूल्यांकन समितिको ब्यवस्थाः**

(१) दफा १३ (२) बमेजिम मूल्यांकनको लागि सिफारिश भई आएका प्रस्तावहरुको मूल्यांकन गरी बजेट तथा कार्यक्रम र वित्तीय सहयोग रकम किटानी सहित निर्देशन समितिमा सिफारिश गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्यांकन समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| (घ) लेखा शाखा प्रमुख | सदस्य |
| (ङ) प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) प्रस्ताव मूल्यांकनका सिलासिलामा आवश्यक अन्य कुराहरु निर्देशन समितिले तोके बमोजिम हुनेछ।

**१५. निर्देशन समितिको ब्यवस्थाः**

(१) यस निर्देशिका बमोजिम बायोग्यांस प्लान्ट निर्माण र संचालनको लागि वित्तीय सहयोग सम्वन्धी प्रस्ताव स्वीकृत गर्न तथा तत्सम्वन्धमा आवश्यक निर्देशन तथा समन्वयका लागि नगरपालिकामा देहाय बमोजिमका निर्देशन समिति रहनेछः

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | संयोजक |
| (ख) आर्थिक विकास समितिका संयोजक | सदस्य |

(ग) भौतिक पूर्वाधार विकास समितिका संयोजक सदस्य

(घ) बजार अनुगमन समितिका संयोजक सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत सदस्य
सचिव

(२) दफा १४ (२) बमोजिम वित्तीय सहयोगको लागि सिफारिश भई आएका प्रस्तावहरुमा स्वीकृति प्रदान गर्ने काम निर्देशन समितिले गर्नेछ ।

(३) निर्देशन समितिले वित्तीय सहयोग स्वीकृत गर्दा मूल्यांकन समितिवाट सिफारिश भई आएका प्रस्तावहरु जस्ताकोतस्तै स्वीकृत गर्न वा थपघट सहित शर्त बन्देज तोकी स्वीकृत गर्न वा पुनः मूल्यांकनको लागि फिर्ता पठाउन सक्नेछ ।

(४) निर्देशन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

(५) निर्देशन समितिले वित्तीय सहयोग प्रदान गर्ने सम्वन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्नेछ ।

## १६. वितीय सहयोगको लागि ब्यक्तिले पालना गर्नु पर्ने शर्तहरु :

(१) यस निर्देशिका अनुसार रकम भुक्तानी लिनु अगाडि सम्वन्धित ब्यक्ति वा समुहले बायोग्यांस कम्पनि र नगरपालिकाको कार्यालयसंग गरेको सम्झौताको आधारमा रकम उपलब्ध गराइनेछ ।

(२) यस निर्देशिका अनुसार नगरपालिकावाट वित्तीय सहयोग लिई संचालित प्लान्ट कम्तीमा १० वर्ष सम्म विक्रि गर्न पाईने छैन । त्यस पछि विक्रि गर्नु परेमा स्थानीय नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र विक्रि गर्न सकिनेछ ।

(३) ब्यक्ति तथा समुहले जुन प्रयोजनको लागि वित्तीय सहयोग लिएको हो सोही प्रयोजनको लागि खर्च गर्नु गराउनु पर्नेछ ।

(४) निर्धारित बायोग्यास प्लान्ट निर्माणमा गिटी, वालुवा, सिमेन्ट, छड लगायतका निर्माण सामाग्रीहरुको प्रयोग र स्थानीय श्रमिकको प्रयोग गरी रोजगारी सृजना गर्नु पर्नेछ ।

(५) यस निर्देशिका अनुरुप वित्तीय सहयोग लिई संचालन हुने प्लान्टमा स्वदेशी कच्चा पदार्थ र जनशक्तिको प्रयोग गर्नु पर्नेछ।

(६) फिटिङ र मर्मत संभारको लागि स्थानीय दक्ष जनशक्तिको उपलब्ध हुन नसकेमा मात्र प्रचलित कानून अनुसार विदेशी जनशक्ति प्रयोग गर्न सकिनेछ।

(६) कुनै ब्यक्तिले यस निर्देशिका अनुरुप रकम प्राप्त गरी सकेपछि तोकिएको समय अघि नै प्लान्ट विक्रि गरेमा वा संचालन नगरेमा १०% हर्जाना सहित उक्त रकम सम्वन्धित ब्यक्तिबाट असुल उपर गरिनेछ।

## परिच्छेद–४

## कार्यान्वयन, अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था

### १७. जानकारी दिनु पर्नेः

(१) निर्देशन समितिवाट परियोजना स्वीकृत भएपछि सम्वन्धित ब्यक्ति वा समूह वा संस्थालाई सो को जानकारी दिनु पर्दछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउदा कम्तिमा १५ दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्दछ।

### १८. संझौता गर्नु पर्नेः

(१) यस निर्देशिका बमोजिम ब्यक्ति वा समुह वा संस्थालाई बायोग्यांस प्लान्ट स्थापना र संचालनको लागि वित्तीय सहायता प्रदान गर्दा नगरपालिकाको कार्यालयले तोको ढांचामा सम्झौता गर्नु पर्नेछ।

(२) नगरपालिका कार्यालय र वित्तीय सहयोग लिने ब्यक्ति वा समूहवीचको संझौतामा दुवै पक्षको जिम्मेवारी र दायित्व किटान गरिनेछ।

(३) नगरपालिका कार्यालय, बायोग्यांस कम्पनि र वित्तीय सहयोग लिने ब्यक्ति वा समूहवीचको त्रिपक्षीय संभ्मौता भएको अवस्थामा तीनवटै पक्षको जिम्मेवारी र दायित्व किटान गरिनेछ ।

## १९. वित्तीय सहयोगको सदुपयोग गर्नु पर्नेः

ब्यक्ति वा संस्थाले जुन प्रयोजनको लागि वित्तीय सहयोग लिएको हो, सोही प्रयोजनमा खर्च गर्नु पर्दछ । बायोग्यांस कार्यक्रममा उपलब्ध सहयोग रकम अन्य प्रयोजनमा खर्च भएमा प्रचलित ब्याज सहित रकम फिर्ता गर्न पर्नेछ ।

## २०. भुक्तानी विधिः:

(१) निर्देशन समितिबाट बायोग्यांस प्लान्टका लागि स्वीकृत भएको वित्तीय सहयोग रकम ब्यक्ति वा समह वा संस्थालाई स्थानीय नगरपालिका कार्यालयबाट भुक्तानी गरी अभिलेख राख्ने ब्यवस्था गरिनेछ ।

(२) ब्याज अनुदानको स्वीकृत रकम संवन्धित बैक वा वित्तीय संस्था वा सहकारी संस्थावाट ऋण लिएको प्रमाण वा सम्झौताका आधारमा भुक्तानी गरिनेछ ।

(३) ब्यक्ति वा संस्थाहरुले दर्तावाला कम्पनिवाट नियम बमोजिम मेशिन उपकरण खरिद गरी बायोग्यांस प्लान्ट स्थापना गर्दा भएको खर्चको वील भरपाई सहित नगरपालिका कार्यालयमा निवेदन पेश भए पछि नगरपालिका कार्यालयको निरीक्षणबाट उक्त मेशिन उपकरण सम्वन्धित स्थलमा पुगी सकेको भन्ने प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको वढीमा ५०% रकम पहिलो किस्ता उपलब्ध गराईनेछ । मेशिन उपकरण जडान गरे पछि कार्यालयको स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा वाँकी ५०% रकम अन्तिम किस्ताको रुपमा निकासाको ब्यवस्था गरिनेछ ।

(४) नगरपालिका कार्यालय, कम्पनि र सहयोग प्राप्तकर्ता ब्यक्तिवीच त्रिपक्षीय संभ्मौता भएको अवस्थामा सम्झौता बमोजिम प्लान्ट निर्माण र मेशिन उपकरण जडान तथा फिटिंगको काम सम्पन्न भएको ब्यहोरा निरीक्षण प्रतिवेदनवाट पुष्टि

भएमा नगरपालिका कार्यालयले सोझै बायोग्यांस कम्पनिको नाममा एकमुठ्ठ भुक्तानी गर्न सक्नेछ ।

(५) व्यक्ति वा संस्थाहरुलाई कार्यक्रम अनुदान उपलब्ध गराउदा कार्य प्रगतिका आधारमा २ किश्तामा रकम उपलब्ध गराउनु पर्नेछ । पहिलो किश्ता वापतको रकम सम्झौता भएपछि स्वीकृत रकमको ५० प्रतिशत र दोस्रो किश्ता प्रगति प्रतिवेदन तथा स्थलगत निरीक्षणको आधारमा ५० प्रतिशत भुक्तानी गरिनेछ ।

## २१. अनुगमन गर्नु पर्नेः

(१) यस निर्देशिका अनुसार स्थानीय नगरपालिकाको कार्यालयले वित्तीय सहयोग वा अनुदान रकमको सदुपयोग भए नभएको वारेमा समय समयमा अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नेछ ।

(२) यस निर्देशिका अनुरुप उपलब्ध गराईएको रकमको उपयोग र प्लान्ट संचालनको अवस्था वारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने गराउने जिम्मेवार नगरपालिकाको हुनेछ । अनुगमन निरीक्षण कार्यमा सहयोग गने दायित्व सम्वन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(३) बायोग्यांस कम्पनि र वित्तीय सहयोग प्राप्त गर्ने व्यक्ति वा संस्थाले त्रिपक्षीय संझौता र यस निर्देशिकामा निर्धारित कुनै शर्त पालना नगरेको पाईएमा नगरपालिका कार्यालयले सम्बन्धित निकायहरुको सहयोग लिइ शर्तहरुको पालना गर्न गराउन वा प्रचलित कानून बमोजिम असूल उपर गर्न गराउन कारवाही चलाउने छ । यस कार्यमा सम्बन्धित अन्य सरकारी निकायको सहयोग लिन सकिनेछ ।

## २२. प्रतिवेदन दिनु पर्नेः

(१) व्यक्ति वा संघसंस्थाले यस निर्देशिका बमोजिम प्राप्त रकमवाट सम्पन्न गरेको कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र स्थानीय नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछः

(क) पहिलो प्रतिवेदन दोश्रो किस्ता रकम लिनु अगाडि ।

(ख) बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३० दिन भित्र ।

(ग) परियोजनाको उपलब्धी सहितको अन्तिम प्रतिवेदन परियोजना पुरा भए पछि ।

## २३. वित्तीय सहायता रोक्का गर्न सक्नेः

(१) दफा २३ बमोजिम अनुगमन गर्दा ब्यक्तिवा समुह वा वा संस्थाले वित्तीय सहयोगको सदुपयोग नगरेको वा सम्झौताको सर्त उलङघन गरेको पाईएमा नगरपालिका कार्यालयले मुनासिव समय दिई देहाय बमोजिम गर्नेछः

(क) अधुरो निर्माण काम पुरा गर्न लगाउने ।

(ख) खर्च गर्न बांकी रकम खर्च गर्न र खरिद भएको मेशिन उपकरण उपयोग गर्न लगाउने ।

(ग) सम्झौताको सर्त अक्षरशः पालन गर्न लगाउने ।

(२) तोकिएको समय सीमा भित्र सम्झौता अनुसारको काम नगरेमा नगरपालिका कार्यालयले बांकी रकम रोक्का गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

## २४. असुल उपर गरिनेः

दफा २१ बमोजिम अनुगमन गर्दा ब्यक्ति समुह वा वा संस्थाले वित्तीय सहयोग वा अनुदानको दुरुपयोग गरेको पाईएमा संवन्धित पदाधिकारी र दुरुपयोग गर्ने कम्पनि र ब्यक्ति वा सदस्यहरुको घरघरानावाट सरकारी बांकी सरह असुल उपर गरिनेछ

## २५. सफाईको मौका दिन पर्नेः

दफा २३ बमोजिम वित्तीय सहयोग वा अनुदान रोक्का राख्नु पर्दा वा दफा २४ बमोजिम वित्तीय सहयोग वा अनुदान रकम असुल उपर गर्नु पर्दाको अवस्थामा संवन्धित ब्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मुनासिव माफिकको समय दिनुपर्दछ ।

## २६. अनुदान रकमको लेखापरीक्षणः

(१) यस निर्देशिकम बमोजिम प्राप्त वित्तीय सहयोग वा अनुदान रकमको लेखापरीक्षण सम्वन्धित स्थानीय तहवाट जारी आर्थिक ऐन बमोजिम गराउनुपर्नेछ । सम्वन्धित स्थानीय तहवाट आर्थिक ऐन जारी नभएको अवस्थामा उक्त खर्च रकमको संघीय आर्थिक ऐनमा ब्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनको लागि ब्यक्ति वा समूह वा संस्थाले प्राप्त रकमको स्रेस्ता तथा वीलभरपाई यस निर्देशिका बमोजिम शुरक्षित रुपमा अलग्गै राख्नुपर्नेछ र आवश्यकता बमोजिम नगरपालिकाको कार्यलयमा पेश गर्न पर्नेछ ।

# परिच्छेद ५

# विविध

## २७. विवरण सार्वजनिक गर्नु पर्नेः

(१) ब्यक्ति वा समुह वा संस्थाले स्थानीय वा प्रदेश वा संघीय सरकारवाट प्राप्त गरेको वित्तीय सहयोग वा अनुदान रकमको प्रयोजन समेत खुल्ने गरी परियोजनाको विवरण र खर्चको फांटवारी परियोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीको लागि स्पष्ट रुपमा देख्न र पढ्न सक्ने गरी टांस गर्नुपर्नेछ ।

(२) स्थानीय ब्यक्ति वा समुह वा संस्थाले यस निर्देशिका बमोजिम प्रदान गरिएको वित्तीय सहयोग वा अनुदान रकमवाट भएको कामको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

**२८.निर्देशिकाको ब्याख्या गर्ने अधिकार:**

यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वुँदामा अस्पष्टता वा द्विविधा भएमा सम्वन्धित नगर पालिकाको कार्यालयले अन्तिम निर्णय र ब्याख्या गर्न सक्नेछ ।

**२९. संशोधन तथा खारेजी :**

(१) स्थानीय नगरपालिकाले आवश्यकता अनुसार निर्देशिकाको कुनै वुँदा संशोधन वा खारेज गर्न सक्नेछ ।

## अनुसूची १

**(दफा ११ संग सम्वधित)**

**निवेदनको ढांचां**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सूर्योदय नगरपालिकाको कार्यालय,

फिक्कल इलाम ।

विषयः बायोग्यांस प्लान्ट स्थापना गर्न वित्तीय सहयोग सम्वन्धी निवेदन पेश गरेको वारे ।

त्यस नगरपालिकावाट मिति ..................मा प्रकाशित सूचना अनुसार म निवेदक .................. वा हाम्रो समुह वा संस्थाले लागत सहभागिताको आधारमा स्थानीय सरकारको वित्तीय सहयोग वा अनुदान सहयोग समेतमा बायोग्यास प्लान्ट स्थापना र संचालन गर्ने निर्णय गरेको हुदा त्यंहावाट माग गरिएका कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ ।

भवदीय

...............

ब्यक्ति /संस्था/सदस्यको पुरा नामः

ब्यक्ति /संस्था/सदस्यको ठेगानाः

ब्यक्ति /संस्था/सदस्यको छाप/सही

**अनुसूची २**
**(दफा ११ संग सम्वधित)**
**परियोजनाको संक्षिप्त विवरण**

१. ब्यक्ति /संस्थाको नामः

२. ठेगानाः

जिल्लाः न.पा./गा.पा.:

वडा नं. गांउ/टोलः

३. संस्था दर्ता नं. र मितिः

४. परियोजनाको नामः

५. परियोजनाको ठेगानाः

६. परियोजनाको प्रारम्भ मितिः

७. परियोजनाको सम्पन्न हुने मितिः

८. परियोजनाको कुल लागतः रु.

८.१ स्थिरपूंजिः रु.

.क) मेशिनरी प्लान्टः

(ख) जग्गाः

(ग) भवनः

(घ) अन्य (खुलाउने)

८.२ चालुपूंजि रु.

९. ब्यक्ति/समुह वा संस्थाले ब्यहोर्ने लागत प्रतिशतः

१०. ब्यक्ति/समुह वा संस्थाले ब्यहोर्ने लागत श्रोत

क) शेयरः रु.

ख) संस्थागत ऋण रु.

ग) अन्य: रु.

११. अन्य श्रोत वा निकायवाट वित्तीय सहयोग प्राप्त गरेको भए खुलाउने:

१२. समुह ब्यवस्थापनमा संचालन हुने/नहुने:

१३. उत्पादकत्वमा सुधार गर्न नयां प्रविधि वा नवप्रवर्द्धनको प्रयोग हुने/नहुने:

१४. वातावरणीय सरोकार:

क) प्राकृतिक श्रोतको जगेर्ना हुने/नहुने:

ख) जैविक विविधताका बढोत्तरी हुने/नहुने:

ग) स्थानीय श्रोतको संरक्षण हुने/नहुने:

घ) प्रदुषणको रोकथाम हुने/नहुने:

ङ) प्रांगारिक खेतिपाती हुने/नहुने:

२५. अन्य कुनै ब्यहोरा भए खुलाउने:

........................

निवेदकको हस्ताक्षर

नाम थर र संपर्क नं.:

ठेगाना:

# अनुसूची ३

## (दफा १२ (२) संग सम्वधित)

## प्रारम्भिक जांचसूची

१. सूचनाको म्याद भित्र दरखास्त दर्ता भएको/नभएको: ......................

२. सूचनामा तोकिएका सवै कागजात संलग्न भएको/नभएको:
......................

३. स्थानीय नगरपालिकाको नागरिक हो/होईन.........................

४. यस अगाडि वित्तीय सहयोग/अनुदान पाएको हो/होइन: ............

५. नगरपालिकाको कार्यक्षेत्र भित्र स्थापना र संचालन भएको/नभएको:
............

६. नियमानुसार कर चुक्ता भएको/नभएको: ............

७. गोवर, मलमुत्र, पानी र अन्य कच्चा पदार्थको सहज आपूर्ति हुने/नहुने
.............

८. स्थानीय रुपमा प्रविधि आपूर्तिकर्ता कम्पनि संचालनमा रहेको/नरहेको:
............

९ अन्य उर्जा वा इन्धन (दाउरा, विजुली, मट्टीतेल आदि)को खपतमा बचत हुने/नहुने: ............

१०. वित्तीय सहयोग लिन चाहने ब्यक्ति वा संस्थाको कारोवारमा सहजिकरण

हुने/नहुने: …………

११. ब्यक्तिको स्वास्थ्य र सरसफाईमा सहयोग पुग्ने/नपुग्ने

…………………………

१२. ब्यक्तिको आर्थिक समृद्धिमा सहायकसिद्ध हुने/नहुने: …………

रुजू गर्ने कर्मचारीको: प्रमाणित गर्ने कार्यकारी प्रमुखको:

| | |
|---|---|
| नामथर: | नामथर: |
| दस्तखत: | दस्तखत: |
| पद: | पद: |
| मिति: | मिति: |

# अनुसूची ४

## (दफा १४ (२) संग सम्वधित)

## प्रस्ताव मूल्यांकनका आधार र अंकभार

| क्र. सं. | प्रस्ताव मूल्यांकनका आधार | पूर्णाङ्क | प्राप्तांक |
|---|---|---|---|
| १. | **ब्यक्ति वा समुह वा संस्थाको लागत सहभागिता** | **२०** | |
| क. | ५० % वा बढी | २० | |
| ख. | ४० देखि ४९ % | १० | |
| ग. | ३० देखि ३९ % | ७ | |
| घ. | २० देखि २९ % | ४ | |
| ङ. | २० % भन्दा कम | १ | |
| **२.** | **परियोजनावाट सृजना हुने रोजगारी** | **१५** | |
| क. | ५ जना वा बढी | १५ | |
| ख. | ४ जना | १२ | |
| ग. | ३ जना | ९ | |
| घ. | २ जना | ६ | |
| ङ. | १ जना वा कम | ३ | |
| **३.** | **सूचीकृत समुदायको सहभागिता** | **२०** | |
| क. | दलित | ५ | |
| ख. | आदिवासी | ५ | |

| | | | |
|---|---|---|---|
| ग. | महिला | ५ | |
| घ. | अपांग | ५ | |
| ङ. | सूचीकृत नभएको अवस्था | ० | |
| **४.** | **भौगोलिक अवस्था** | **२०** | |
| क. | पूर्व गा.वि.स. क्षेत्र | २० | |
| ख. | पूर्व न.पा. क्षेत्र | १५ | |
| ग. | म.न.पा तथा उ.म. न. पा.क्षेत्र | ५ | |
| **५.** | **सिर्जनात्मकता तथा उद्यमशीलता** | **२५** | |
| क. | ब्यक्ति तथा समुह ब्यवस्थापनमा संचालन | ५ | |
| ख. | नयां प्रविधिको प्रयोग/नवप्रवर्तन | ५ | |
| ग. | इन्धन बचत तथा बस्तु उत्पादनमा योगदान | ५ | |
| घ. | वतावरणीय सरोकारको संम्बोधन | ५ | |
| ङ. | स्वास्थ्य तथा सरसफाईमा योगदान | ५ | |

**नोटः १. पूर्ण रोजगारी भन्नाले बर्षमा २०८० घण्टाकोकाम सम्झनु पर्दछ ।**

**२. वातावरणीय सरोकार भन्नाले प्राकृतिक श्रोतको संरक्षण, जैविक विविधतामा बृद्धि, स्थानीय प्रजातिको संरक्षण, प्रांगारिक खेती प्रणाली र प्रदुषण रोकथाम सम्झनु पर्दछ ।**

**३. नवप्रवर्तन भन्नाले आधुनिक प्रविधिको सिर्जनात्मक प्रयोग सम्झनु पर्दछ ।**

# विषादीजन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्वन्धी निर्देशिका, २०७५

## प्रस्तावनाः

प्रांगारिक खेति प्रणालीलाई प्रोत्साहन गरी विषादीरहित खाद्य सामाग्रीहरुको उत्पादन र वितरणको व्यवस्थावाट नागरिकहरुको स्वस्थ्य जीवन जिउने अधिकार सुनिश्चित गर्न सहयोग होस भन्ने उद्धेश्यले नगरपालिकाको भौगोलिक क्षेत्र भित्र विषादी जन्य पदार्थको प्रयोगमा न्यूनीकरण र नियन्त्रण गर्न बाञ्छनीय भएकोले नगरपालिकावाट जारी सूर्योदय राजपत्र, २०७५ को कार्यविधि नं. ८ मा व्यवस्था भए अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **विषादीजन्य पदार्थको प्रयोगमा न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्वन्धी निर्देशिका, २०७५** बनाई लागू गरिएकोछ ।

## १. नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम **विषादीजन्य पदार्थको प्रयोगमा न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्वन्धी निर्देशिका, २०७५** रहेकोछ ।

(२) यो निर्देशिका नगरपालिका नगरसभाले स्वीकृत गरी सार्वजनिक सूचना मार्फत लागू गरिनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **विषादीजन्य पदार्थ** भन्नाले बीउविजन, वालीनाली, बोटविरुवा, पशुपन्छीमा लाग्ने विभिन्न रोग तथा किराको प्रकोप नियन्त्रणको लागि प्रयोग गरिने अजैविक विषालु पदार्थ भन्ने बुझिन्छ ।

(ख) **पञ्जिकृत विषादीः** नेपाल सरकारले देश भित्र आयात र प्रयोगको लागि सूचीकरण गरेको विषादी भन्ने बुझिन्छ ।

(ग) **विषादी पञ्जिकरण निकाय** भन्नाले संघीय कृषि तथा पशुपन्छी मन्त्रालय, कृषि विभाग अन्तरगतको वाली संरक्षण निर्देशनालय भन्ने बुझिन्छ ।

(घ) **नगरपालिका** भन्नाले स्थानीय सूर्योदय नगरपालिका बुझनु पर्दछ ।

(ङ) **नगरसभा** भन्नाले सूर्योदय नगरपालिकामा गठित नगरसभा भन्ने बुझ्नु पर्दछ ।

(च) **प्रमुख** भन्नाले सूर्योदय नगरपालिका प्रमुख सम्झनु पर्दछ ।

(छ) **प्रमुख प्रशासकीय अधिकृत भन्नाले** सूर्योदय नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ज) **प्रांगारिक खेति** भन्नाले अजैविक विषादी र रासायनिक मलको प्रयोग नगरी गोठेमल, कम्पोष्टमल र गडयौंलामल प्रयोग गरी उत्पादन गरिएको वालीनाली भन्ने सम्झनु पर्दछ ।

(झ) **स्थानीय सरकार** भन्नाले स्थानीय गांउपालिका वा नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सरकार भन्ने बुझ्नु पर्दछ ।

(ञ) **विषादी नियमन तथा निर्देशन समिति** भन्नाले यस निर्देशिका बमोजिम गठित विषादी नियमनको लागि गठित निर्देशन समितिलाई जनाउने छ ।

(ट) **विषादी नियन्त्रण तथा मूल्यांकन उपसमिति** भन्नाले यस निर्देशिका बमोजिम गठित विषादी नियन्त्रण तथा मूल्यांकन उपसमितिलाई जनाउनेछ ।

(ठ) **ऐन** भन्नाले संघीय, प्रादेशिक तथा स्थानीय तहको जीवनाशक विषादी ऐन समेत सम्झनु पर्नेछ ।

(ठ) **नियमावली** भन्नाले संघीय, प्रादेशिक र स्थानीय सरकारवाट जारी जीवनाशक विषादी नियमावली सम्झनु पर्नेछ ।

(ड) **कन्टेनर** भन्नाले विषादी राख्न, छोप्न, बन्द गर्न वा प्याक गर्न प्रयोग गरिने भाडो वा बट्टा वा पोका सम्झनु पर्दछ ।

(ढ) **सूचकपत्र (लेवल)** भन्नाले विषादीको कन्टेनरको बाहिर लेखिएको वा छापिएको वा रेखांकन गरिएको विषादी सम्वन्धी सूचना सम्झनु पर्दछ ।

**३. विषादी पञ्जिकरण गराई प्रमाण पत्र लिनु पर्ने:** कुनै पनि ब्यक्ति, संस्था वा निकायले विषादी उत्पादन, आयात, निर्यात र किनवेच गर्नु अगाडि नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालय, कृषि विभाग अन्तरगत वाली संरक्षण निर्देशनालयवाट पञ्जिकरण गराई प्रमाणपत्र लिनुपर्नेछ । पञ्जिकरण गरिएका विषादीको नाम नेपाल सरकारले राजपत्रमा प्रकाशित गर्नेछ ।

**४. विषादी सूचीकरण गरी ईजाजतपत्र लिनु पर्नेः**

(१) दफा ३ बमोजिम पञ्जिकृत विषादी उत्पादन, निकासी, पैठारी र खरिद विक्री गर्न चहाने ब्यक्ति तथा संस्थाले् स्थानीय नगरपालिकाको कार्यालयमा सूचीकरणको लागि निवेदन दिन सक्नेछ ।

(२) नगरपालिका को कार्यालयले आवश्यक जांचबुझ गरी मात्र विषादीको सूचीकरण गर्न वा सूचीकरण अस्वीकार गर्न सक्नेछ ।

(३) नगरपालीकाको कार्यालयले नेपाल सरकारवाट पञ्जिकृत विषादीको सूचीकरण गरेको अवस्थामा इच्छुक ब्यक्ति तथा संस्थाले अनिवार्य रुपमा ईजाजतपत्र लिनु पर्नेछ ।

(४) यस निर्देशिकाको अनुसुची १ मा उल्लेखित नेपाल सरकारवाट प्रतिबन्धित विषादीको लागि सूचीकरण र ईजाजत पत्र जारी गर्ने छैन ।

(५) विषादीको उत्पादन तथा किनवेच गर्ने ब्यक्ति तथा संस्थाले नगरपालिकाको कार्यालयवाट तोकिएको दस्तुर तिरेर ईजाजतपत्र लिनु पर्नेछ ।

(६) नगरपालिकाको कार्यालयवाट ईजाजत लिई विक्रि वितरण भएका विषादीवाट सर्वसाधारण उपभोक्ता र पशु पन्छीको स्वास्थ्यमा प्रतिकुल प्रभाव देखिएको अवस्थामा ईजाजतपत्र खारेज वा निलम्वन गर्न सक्नेछ ।

(७) विषादी विक्रेताले ईजाजत नवीकरण गर्नुपर्नेछ भने विषादी उत्पादक वा संष्लेषणकर्ता उद्यमीले हरेक २ (दुई) बर्षमा ईजाजत नवीकरण गर्नु पर्नेछ ।

**५. कन्टेनर र सूचकपत्रको स्वीकृतिः**

(१) विषादी उत्पादन र विक्री वितरण गर्न चहाने ब्यक्ति तथा संस्थाले कन्टेनर तथा सूचकपत्रको नमूना स्थानीय नगरपालिकावाट समेत स्वीकृत गराउनु पर्नेछ ।

(२) निधारित कन्टेनर र सूचकपत्र प्रयोग नगर्ने ब्यक्ति तथा संस्थाको विषादी विक्री वितरणको ईजाजत र कन्टेनर तथा सूचकपत्रको स्वीकृति खारेज गरिनेछ ।

**६. प्रांगारिक तथा जैविक विषादी उत्पादन र प्रयोगमा प्रोत्साहन गर्नेः** नगरपालिकाको भौगोलिक क्षेत्र भित्र प्रांगारिक खेतिलाई प्रोत्साहन गर्नको लागि देहायका शत्रुजीव नियन्त्रण विधिहरुमा जोड दिईनेछः

(१) नगरपालीकाको कार्यालयमा रहेको कृषि तथा सहकारी शाखाले आवश्यकता अनुसार कृषि ज्ञानकेन्द्रसंग समन्वय गरी प्रत्येक वडा कार्यालयमा विषादी प्रयोगवाट मानव

स्वस्थ्य र अन्य प्राणी तथा वनस्पतिमा पर्ने जोखिम र हानी नोक्शानीको वारेमा कृषकहरुलाई जानकारी र सुसूचित गर्न नियमित अन्तरक्रिया कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी कृषकहरुलाई स्वयम् दक्ष बनाउने ।

(२) तरकारीवाली, अन्नवाली र चिया खेतिमा लाग्ने किरा नियन्त्रण गर्न स्थानीय स्तरमा गाईको गहुंत तथा तितेपाति, असुरो, निम, पारिजात, खिर्रो, सुर्ति आदिको झोल र साबुनपानी प्रयोगमा जोड दिने ।

(३) नगरपालिकाको कार्यालयवाट बजेटको आवश्यक ब्यवस्था गरी अन्न भण्डारणमा लाग्ने किरा नियन्त्रण गर्न कृषकहरुलाई मेटल वीन तथा प्रांगारिक विषादी छर्ने स्प्रेयर खरिदमा वित्तीय सहयोग उपलब्ध गराउने ।

(४) कृषि शाखाका प्राविधिकहरुले ज्वानो, तितेपाती, टिमर र बोझो झोल तयारी प्रविधि र अन्न भण्डारमा प्रयोग गर्ने विधि सिकाएर स्थानीय प्रांगारिक विषादीको प्रचार प्रसार गर्ने ।

(५) अमिलो जातका फलफूल, चिया र काक्रा, फर्सी, घिरौला, लौका आदि जस्ता लहरे तरकारीवालीमा लाग्ने औसा किरा नियन्त्रण गर्न फेरोमेन ट्रयाप (पासो) तयारी र प्रयोगवारेको प्रविधि कृषकहरुमा उपलब्ध गराउने ।

(६) कृषकहरुले आफ्नो घर, आगन, गोठ, खेतवारी, बगैचा, भण्डार, भाडावर्तन, औजारको नियमित अवलोकन तथा सफाईको साथै ब्यक्तिगत सरसफाईमा ध्यान दिने ।

(७) गाइनेकिरा, गड्यौला, न्याउरी, लाटेकोसेरो लगायतका मित्र जीवहरुको पहिचान तथा शुरक्षा गर्ने र शत्रुजीवको नियन्त्रण गर्न केही मात्रामा ढुसी, ब्याक्टेरिया, भाईरस तथा नेमाटोडजन्य जैविक विषादीको प्रयोग गर्ने ।

(८) नगरपालिकाले उपदफा २ मा उल्लेखित स्थानीय प्रांगारिक पदार्थको प्रयोगवाट विषादी उत्पादन गर्ने उद्यम संचालनको दर्ता गर्ने र ईजाजत पत्र जारी गने कार्यमा सहजिकरण गर्ने ।

(९) उपदफा ३ बमोजिमका उद्यमहरुलाई स्थानीय कर मिनाह गर्ने र उद्यम प्रवर्धन कोषवाट लागत सहभाविता गर्न सकिनेछ ।

**७. अजैविक विषादीको प्रयोग न्यूनीकरण गर्न अप्नाइने एकीकृत शत्रुजीव व्यवस्थापन विधिः**

(१) स्थानीय हावपानीमा अनुकुल हुने खालका रोग तथा किरा प्रतिरोधक जातका वालीहरु लगाउने ।

(२) खेतवारीको उचित सरसफाई, खनजोत, सिंचाई, निकास, बालीचक्र, वीउ छर्ने रोप्ने समयमा हेरफेर, बाली कटानी पछिको अवशेष नष्ट आदि जस्ता कृषिकर्ममा आधारित विधिको प्रयोग गर्ने ।

(३) हातको माध्यमवाट किरा तथा जीव नष्ट गर्ने, अनाज घाममा सुकाउने, अवरोध राख्ने र पासो थाप्ने आदि जस्ता भौतिक र यान्त्रिक विधिको प्रयोग गर्ने ।

(४) परजीवी तथा शिकारी किराको साथै ब्याक्टेरिया, भाइरस, फंगस, नेमाटोडको प्रयोग गरी किरा तथा रोगको उपचार गर्ने ।

(५) वास्नादार विभिन्न रासायनिक पदार्थहरु जस्तै मिथाइल युजिनल र फेरोमेन जस्तै हेलिलुर स्पोरडेलुरको प्रयोगवाट किराहरु आकर्षित गरी पासोमा फसाउने ।

(६) स्थानीय विधिवाट समाधान नभएमा पञ्जिकृत विषादीको सावधानीपूर्वक प्रयोग गरी विभिन्न रोग तथा किरा नियन्त्रण गर्ने ।

(७) किटनाशक तथा ढुसीजन्य विषादी प्रयोग गरेको अवस्थामा अनुसूची (२) बमोजिमको अवधि पुरा नभएसम्म तरकारी तथा खाद्यबाली टिप्न र उपभोग गर्न हुदैन ।

**८. विषादी नियमन तथा निर्देशन समितिको गठनः**

(१) नगरपालीकाको कार्यालयमा सूचीकृत विषादी उत्पादन, ओसारपसार, निकासी, पैठारी र किनवेच गर्न चाहने ब्यक्ति तथा संस्थालाई निर्देशन गर्न नगरपालिका प्रमुखको संयोजकत्वमा देहाय बमोजिम विषादी नियमन तथा निर्देशन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | संयोजक |
| (ख) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| (ग) भौतिक पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| (घ) बजार अनुगमन समितिका संयोजक | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) विषादी नियमन तथा निर्देशन समितिले आफ्नो संचालन कार्यविधि आफै बनाई लागू गर्ने छ ।

**९. विषादी नियन्त्रण तथा मूल्यांकन उपसमितिको गठनः**

(१) यस निर्देशिका बमोजिम नगरपालीकाको कार्यालयमा सूचीकृत विषादी उत्पादन, ओसारपसार, निकासी, पैठारी र किनवेच गर्न चाहने ब्यक्ति तथा संस्थाको काम कारवाहीको मूल्यांकन गरी दोषी देखिएमा विषादी नियमन तथा निर्देशन समिति समक्ष आवश्यक कारवाईको सिफारिश गर्न देहाय बमोजिमको विषादी नियन्त्रण तथा मूल्यांकन उपसमिति गठन गरिनेछः

(क) नगर उपप्रमुख
संयोजक

(ख) बजार अनुगमन समितिका संयोजक
सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत
सदस्य

(घ) कृषि शाखाको अधिकृत कर्मचारी
सदस्य

(ङ) प्रशासकीय अधिकृत
सदस्य सचिव

(२) विषादी मूल्यांकन र नियन्त्रणको लागि आवश्यक अन्य कुराहरु विषादी नियमन तथा निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

**१०. विषादी निरीक्षक तोक्नेः** नगरपालीकाको कार्यालयले कृषि शाखाको प्राविधिक अधिकृतलाई विषादी निरीक्षक तोक्न सक्ने सक्नेछ ।

**११. विषादी निरीक्षकको काम कर्तब्य र अधिकारः**

(१) विषादी निरीक्षकले आफ्नो जिम्मेवारी पालनाको सिलशिलामा ब्यक्ति तथा सस्थाको घर, टहरा, जग्गाजमिन, सवारी, गोदाम र कारखानामा प्रवेश गरी भौतिक निरीक्षण र कागजात जांच गर्न सक्नेछ ।

(२) यस निर्देशिका विपरित कसैले विषादी उत्पादन, निकासी, पैठारी र विक्रि वितरण गरेमा गोदाममा तालाबन्दी गर्न वा विषादी आफ्नो कब्जामा लिई आवश्यक

कारवाहीको सिफारिश गर्न विषादी मूल्यांकन तथा नियन्त्रण उपसमितिलाई जानकारी गराउनु पर्नेछ ।

**१२. विषादी उत्पादन तथा विक्री वितरणमा प्रतिवन्धः**

(१) यस निर्देशिकाको अनुसुची १ मा उल्लेखित प्रतिबन्धित विषादीको उत्पादन तथा विक्री वितरण गर्नु हुदैन ।

(२) स्थानीय नगरपालिकावाट सूचीकृत नभएका विषादी उत्पादन र विक्री वितरण गर्न हुदैन ।

(३) विषादी स्वीकृत कन्टेनरमा नराखी खुला रुपमा विक्रि वितरण गर्न हुदैन ।

(४) कन्टेनर वा बट्टामा सूचकपत्र नटांसिकन विषादीजन्य पदार्थ विक्री वितरण गर्न हुदैन ।

(५) प्रचलित कानून र यस निर्देशिका उलंघन गर्ने ब्यक्ति तथा संस्थालाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१३. विषादी प्रयोग सम्वन्धमा सर्वसाधारण उपभोक्ता तथा कृषक वर्गको जिम्मेवारीः**

(१) विषादी औषधी होईन, मानवजाती लगायतका जीव तथा वनस्पतिको लागि विष हो ।

(२) विषादी खरिद र प्रयोग गर्नु अगाडि  प्रविधिकहरुवाट अनिवार्य सल्लाह लिनुपर्दछ ।

(३) नभै नहुने अवस्थामा केवल तालीम प्राप्त र ईजाजतवाला विक्रेतावाट मात्र विषादी खरिद गर्नु पर्दछ ।

(४) विषादी खरिद गर्दा पञ्जिकृत र प्रभावकारी विषादी खरिद गर्नु पर्दछ ।

(५) पञ्जिकृत नभएका र प्रतिबन्धित विषादी खरिद गर्नु हुदैन ।

(६) विषादी बालबालिकाको पहुंचवाट टाढा राख्ने ।

(७) विषादी प्रयोग गर्दा सुरक्षित पहिरन, मास्क तथा पञ्जाको प्रयोग गर्ने ।

(८) सहि विषादी सहि समय र मात्रामा सहि तरिकाले प्रयोग गर्ने ।

(९) विषादी छरी सके पछि निर्धारित समय पर्खेर मात्र टिप्ने र विक्रि वितरण गर्ने ।

(१०) सकेसम्म स्थानीय विधि र प्रविधिको प्रयोग गरी अजैविक विषादीको प्रयोग न्यूनीकरण गर्ने ।

(११) विषादीका खाली डिब्बा ता प्याकेट शुरषित तरिकाले नष्ट गर्ने ।

(१२) विक्रेताले पञ्जिकरण नगरेका विषादी विक्री वितरण नगर्ने ।

**१४. निर्देशिकाको ब्याख्या:** निर्देशिका कार्यान्वयन गर्ने सिलशिलामा कुनै दुविधा उत्पन्न भएमा त्यसको ब्याख्या गर्ने काम नगरपालिका कार्यालयले गर्नेछ ।

**१५. निर्देशिका संशोधन तथा खारेजी:** नगरसभाले यो निर्देशिका संशोधन वा खारेज गर्न सक्नेछ ।

## अनुसूची (१)

## नेपाल सरकारवाट प्रतिबन्धित विषादीहरुको सूची

| क्र.सं. | विषादीको नाम | प्रतिबन्धित बर्ष |
|---|---|---|
| १ | क्लोरोडेन | २००१ |
| २ | डी.डी.टी. | २००१ |
| ३ | डाइएल्ड्रिन | २००१ |
| ४ | इन्ड्रिन | २००१ |
| ५ | अल्ड्रिन | २००१ |
| ६ | हेप्टाक्लोर | २००१ |
| ७ | माईरेक्स | २००१ |
| ८ | टोक्साफेन | २००१ |
| ९ | वि.यच.सी. | २००१ |
| १० | लिन्डेन | २००१ |
| ११ | फस्फामिडन | २००१ |

| | | |
|---|---|---|
| १२ | अर्गानो मर्करी कम्पाउण्ड | २००१ |
| १३ | मिथाइल पाराथियन | २००७ |
| १४ | मनोक्रोटोफस | २००७ |
| १५ | इण्डोसल्फान | २०१४ |
| १६ | फोरेट | २०१६ |

**अनुसूची (२)**

**नेपालमा पञ्जिकृत विषादीहरुको नाम र विषादीको प्रयोग पछि कटानीको लागि पर्खनु पर्ने समय**

**(क) किटनाशक विषादी:**

| विषादीको सामान्य नाम | टिप्न पर्खनु पर्ने समय | विषादीको सामान्य नाम | टिप्न पर्खनु पर्ने समय |
|---|---|---|---|
| १) एवोमेक्टिन | १४ दिन | २५) इमामेक्टिन बेन्जोएट | १० दिन |
| २) एसिफेट | १५ दिन | २६) इथ्यिन | १४ दिन |
| ३) एसिटामिप्रिड | १५ दिन | २७) फेनभेलारेट | ७ दिन |
| ४) अल्फसाइपरमेथ्रिन | १४ दिन | २८) फेनपाइरोक्सिमेट | ३ देखि ७ दिन |
| ५) अल्फामेथ्रिन | ७ दिन | २९) फिप्रोनिल | ३२ दिन |
| ६) एल्मुफोस्फाइड | | ३०) फ्ल्युबेन्डियामाइट | ३० दिन |
| ७) बेटासाइफ्ल्यन | ४ दिन | ३१) इमिडक्लोरप्रिड | ४० दिन |
| ८) बाइफनथ्रिन | ६ दिन | ३२) इण्डोअक्जाकाब | १४ दिन |
| ९) बप्रोफेजिन | ५ दिन | ३३) यटेफेनप्रोक्स | १५ दिन |
| १०) कार्वारिल | २२ देखि ४० दिन | ३४) ल्याम्डासाइहालोथ्रिन | १४ दिन |
| ११) कार्बोफ्युरान | १४ दिन | ३५) लुफेनुरोल | १४ दिन |
| १२) कर्बोसल्फान | ३० देखि ६० दिन | ३६) मालाथियन | १४ दिन |
| १३) कार्टाप हाइगोक्लोराइड | २१ दिन | ३७) निटेनपाइरान | १६ दिन |
| १४) क्लोरफ्लुजुरान | ७ दिन | ३८) नोभालुरोन | ५ दिन |
| १५) क्लोरानट्राअलिपोर | ७ दिन | ३९) फेनथोयट | ५ दिन |
| १६) क्लोरपारिफोस | २८ देखि ३५ दिन | ४०) प्रोफेनफेम | १४ दिन |
| १७) साइफलुथ्रिन | ७ दिन | ४१) प्रोपोक्जर | ३० दिन |
| १८) साइपरमेथ्रिन | ७ दिन | ४२) क्वनालफस | ४० दिन |

| | | | |
|---|---|---|---|
| १९) साइरोमेजिन | ७ दिन | ४३) स्पारोमेसिफन | ७ दिन |
| २०) डाल्टामेथ्रिन | ७ दिन | ४४) टेमेफस | ३० दिन |
| २१) डाइक्लोरभस | ३ देखि ५ दिन | ४५) थायोमेथोक्साज | १४ देखि २१ दिन |
| २२) डाईफ्लुवेन्जुरोल | ७ दिन | ४६) थायोडिकार्व | ७ दिन |
| २३) डाईमेथोएरट | १५ दिन | ४७) ट्राइजोफस | १४ दिन |
| २४) डाइरोटफूरन | ३८ दिन | | |

**(ख) ढुसीनाशक विषादीः**

| विषादीको सामान्य नाम | टिप्न पर्खनु पर्ने समय | विषादीको सामान्य नाम | टिप्न पर्खनु पर्ने समय |
|---|---|---|---|
| १) बोनोमाइल | ७–२१ दिन | १६) इप्रोवेनफस | १४ दिन |
| २) क्याप्तान | ३० दिन | १७) कासुगामाइसिन | ३० दिन |
| ३) कार्वेण्डाजिम | १४ दिन | १८) फिरोक्सीम मिथाइल | १४ दिन |
| ४) कार्वोक्सिन | २१ दिन | १९) मेन्कोजेभ | १४–२८ दिन |
| ५) क्लोरोथारोनिल | १४ दिन | २१) मेटालाक्सील | ४९ दिन |
| ६) कपरहाईड्रोक्लोराइड | १४ दिन | २१) मेटिराम | ६ दिन |
| ७) कपरहाईड्रोअक्साइड | १४ दिन | २२) पेन्सीक्रोन | ७९ दिन |
| ८) कपरअक्सिक्लोराइड | २१ दिन | २३) प्रोविकोनाजोल | १५–३० दिन |
| ९) साइमोक्सानिल | १४ दिन | २४) प्रोपिनेव | ३० दिन |
| १०) डाइफिनाकोजाजोल | ३४ दिन | २५) सल्फर | १४ दिन |
| ११) डाइमिथोमोर्फ | १४ दिन | २६) थाइफोनेट मिथाइल | १४ दिन |
| १२) डिनोक्याप | २१ दिन | २७) थिराम | १४–३० दिन |
| १३) फिनामिडल | ९० दिन | २८) जिनेव | १० दिन |
| १४) हेक्जाकोनाजोल | ४० दिन | २९) भेलिडामाइसिन | २१ दिन |
| १५) इप्रोभेलिकार्व | ३०–९० दिन | ३०) ट्राइसाइक्लाइजोल | ३० दिन |

आज्ञाले

प्रकाशराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत